
# लेखापरीक्षण प्रतिवेदन

# बिनयी त्रिवेणी गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## बिनयी त्रिवेणी गाउँपालिका, नवलपुर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

# गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

# मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/514

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
बिनयी त्रिवेणी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
नवलपरासी ब.सु.पू.।

**कैफियत सहितको राय**

हामीले गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४ करोड ८४ लाख ५९ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १२ लाख ९० हजार, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु. ४ लाख १५ हजार र पर्यटन पूर्वाधार विकास आयोजनाको रु. १ करोड ५४ लाख ९५ हजार समेत रु. १६ करोड ५६ लाख ५९ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु. १ अर्ब ३४ करोड ३५ लाख ३१ हजारको लेखापरीक्षण गरिएकोमा रू. २ करोड ४८ लाख ६८ हजार बेरुजु देखिएको छ। सो सम्बन्धमा रु. ५१ लाख ६ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु रु. १ करोड ९७ लाख ६२ हजार मध्ये असुल गर्नुपर्ने रू. ५६ लाख १९ हजार, प्रमाण कागजात पेश हुनुपर्ने रु. ९ लाख ७४ हजार र नियमित गर्नुपर्ने रु. १ करोड ३१ लाख ६९ हजार रहेको छ । गत वर्षसम्म रु. ११ करोड २० लाख ४० हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. १३ करोड १८ लाख २ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजस्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय

विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागू भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

( राजेन्द्र राज ओझा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४७ | १५ | २,४८,६८,४२२ | ० | ३ | ५१,०६,४४५ | ० | ४७ | १२ | १,९७,६१,९७७ | ५६,१९,२८१ | १,३१,६८,४१० | ९,७४,२८६ | ० | ० | १,२५,९१,८९९ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्योट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपरासी बर्दघाट सुस्तापूर्व | ११,२०,४०,००० | 0 | 0 | ११,२०,४०,००० | 0 | १,९७,६१,९७७ | १३,१८,०१,९७७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा नं. | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३४ | सामी कार्यक्रम साझेदारीः | १,१०,६८० |
| २ | २०८०/८१ | ४८ | शर्त सहितको बीमाः | ४,९५,७६५ |
| ३ | २०८०/८१ | २९ | अनुदानको अनुगमनः | ४५,००,००० |
| जम्मा | | | | ५१,०६,४४५ |

# (८०४४६५०३३०० - बिनयी त्रिवेणी गाउँपालिका, नवलपुर )

# परिचय

१ **परिचय**

**क) कार्यालय परिचय:**- संघ र प्रदेश सरकारबाट प्राप्त अनुदान तथा राजश्व बाँडफाँट एवं पालिकाको आन्तरिक श्रोत साधनको अधिकतम उपयोग गरी संविधानको अनुसुचीमा उल्लेखित कार्यहरु सम्पादन मार्फत नागरिकलाई अधिकतम लाभ प्रदान गर्नु पालिकाको उदेश्य रहेको छ ।

**ख) लेखापरीक्षणको उद्देश्य:**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**ग) लेखापरीक्षणको क्षेत्र र अवधि:**- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०९।०१ देखि २०८१।०९।०५ सम्म रहेको छ ।

**घ) लेखापरीक्षण विधि:**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरू सँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**ङ) लेखापरीक्षणको सीमा:**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**च) आर्थिक कारोबारको स्थिति:**- पालिकाको गत वर्षको जिम्मेवारी अ.ल्या. रु. ३९५६२५२४.४४, यस वर्षको जम्मा आम्दानी रु.७०१२२११९५.४६ , यस वर्षको जम्मा खर्च रु. ६४२३०९३४६.८१ र यस वर्षको बाँकी मौज्दात रु. ९८४७४३७३.०९ रहेकोमा रु. १ अर्ब ३४ करोड ३५ लाख ३१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु:**- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**ज) लेखापरीक्षणको क्रममा असुली:**- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ६५९४२०.६८ असुल भई दाखिला गरेको प्रमाण पेश भएको छ ।

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १ | पोषणसम्बन्धी कार्यक्रम संचालन गर्दा उपस्थीति भन्दा बढीलाई भुक्तानी गरेको उपस्थिति भत्ता असुल भएको प्रमाण पेस । | ५३५५ |
| २ | पोषण कार्यक्रमको अनुगमन वापत बढी भुक्तानी भएको रु ५९०० कारोवार संकेत नं २०८१-७१४३९३० बाट मिति २०८१।१०।०३ मा दाखिला भएको प्रमाण पेश । | ५९०० |
| ३ | पोषण कार्यक्रमको अनुगनम वापत बढी भुक्तानी भएको रु ७६०० कारोवार संकेत नं २०८१-७१४५२१५ बाट मिति २०८१।१०।०३ मा दाखिला भएको प्रमाण पेश । | ७६०० |
| ४ | शिक्षक तलब बृद्धि वापत श्री दिपेन्द्र माध्यमिक विद्यालयलाई बढी निकासा भएको रु. १७१९७९.०० कारोवार संकेत नं २०८१-७१२१४९९ बाट मिति २०८१।१०।०२ मा दाखिला भएको प्रमाण पेश । | १७१९७९ |
| ५ | गाउँपालिकाको विविध खातामा बाँकी रहेको सामाजिक सुरक्षाको बेरुजु रकम संघीय सञ्चित कोष दाखिला । | ४३५१८६.६८ |
| ६ | गाउँपालिकाको सभाहलमा मेलमिलापकर्ताको पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गरेकोमा खर्च पुष्टि हुने प्रमाण बेगर भुक्तानी भएको यातायात खर्च र हल भाडा बापतको रकम असुली गरी रसिद नं. २९६ बाट दाखिला । | १३००० |
| ७ | पदाधिकारीलाई दोहोरो हुनेगरी भुक्तानी भएको योजना अनुगमन भत्ता बापतको रकम असुली गरी रसिद नं. २९७ बाट दाखिला । | १२७५० |
| ८ | पदाधिकारीलाई दोहोरो हुनेगरी भुक्तानी भएको अनुगमन भत्ता बापतको रकम असुली गरी कारोबार संकेत नं. ०८१ -७३५३२७१ बाट दाखिला । (बहुक्षेत्रीय पोषण) | ७६५० |
| | जम्मा रु. | ६५९४२०.६८ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्।

• विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई उपभोग र वितरणमुखी रुपमा कार्यक्रम सञ्चालन भएको देखिएको छ।

• खरिद व्यवस्थापन भएका ठेक्का फाईलको विस्तृत विवरण देखिने गरि ठेक्का अभिलेख र कन्टिन्जेन्सी खाता राखेको पाइएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रम उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा हस्तान्तरण सम्बन्धी कुनै पनि कारबाही भएको छैन।

• पालिकाबाट सञ्चालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरेका उपभोक्ता समिति संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार अनुसार मान्यता प्राप्त हुने गरी दर्ता वा अद्यावधिक नवीकरण भएको सम्बन्धमा कुनै पनि अभिलेख राखेको पाइएन।

• सार्वजनिक निर्माण कार्यलाई पारदर्शी तथा मितव्यायी बनाउनको लागि सार्वजनिक निर्माण सम्बन्धी लेखा राख्न म.ले.प. फाराम नं. ५०० अन्तर्गतका फारमहरुको प्रयोग गर्नुपर्नेमा सो गरेको छैन।

• सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसँग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधि सँग सम्बन्धित प्रणालीको नियन्त्रण व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म.ले.प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागु नगरेको र त्यसको अभिलेख म.ले.प. फाराम ९०३ मा नराखेको, सफ्टवेयर फेलर वा अन्य असामान्य अवस्थालाई ध्यान दिई भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन।

• बेरुजु लगतका लागि म.ले.प. फारामको व्यवस्था गरिएको छ । म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका म.ले.प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फाराममा तोकिए बमोजिम बेरुजुको अभिलेख राखेको छैन।

• पालिकाले म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको साथै म.ले.प. फाराम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत सम्बन्धमा अद्यावधिक अभिलेख राखेको छैन।

• अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०७८ को दफा १५(१) बमोजिम रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महशुल समयमा नै भुक्तानी गरी जरिबाना तिर्नु पर्ने अवस्था आउन दिन नहुने तर्फ कार्यालयले ध्यान दिनु पर्नेमा सो को पालना भएको देखिएन।

• कार्यालयले सवारी साधनको सुविधा प्रयोग गर्दा अर्थ मन्त्रालयले जारी गरेको सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा १०(१) बमोजिम अनिवार्य रुपमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत लगबुकको फाराममा भएको विवरणहरु स्पष्ट रुपमा भरी स्वीकृत गरेर मात्र खपत भएको इन्धन बापतको रकम भुक्तानी दिनु पर्नेमा सो गरेको देखिएन।

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३/१२/२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको छैन। यसबाट गत विगतका बेरुजु तथा पेश्की हराउने वा छुट्नेहुँदा यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

उपरोक्त बुँदा समेतलाई ध्यान दिई पालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ गर्नुपर्दछ।

३ **आन्तरिक आयको योगदानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८७११८८१६.५ | ७३९७८२०७.६३ | १९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **खर्च विश्लेषणः**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ७३९७८२०७.६३, राजस्व बाँडफाँडबाट रु. १८९७५८७३८.१७ र अनुदानबाट रु. ४११६०७७६६.५० समेत रू. ६७५३४४७१२.३० आम्दानी भएकोमा चालु तर्फ रु. ३९५०८०९३८.८१ र पूँजिगत तर्फ रु. २३३६०४३७८.०० गरी जम्मा रु. ६२८६८५३१६.८१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ११.७६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी भत्ता, ईन्धन र पारिश्रमिक लगायतका सुबिधामा रु. १०७००००८७७.०० खर्च भएको छ जुन आन्तरिक आयको १४.४६ प्रतिशत रहेको छ । पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

५ **वित्तीय विवरणको यथार्थताः**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०, २७२ र २७५) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४८४५९४७७, स्वास्थ्य क्षेत्र सुधारको रु. १२९००००, गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.

४१५००० र पर्यटन पुर्वाधार विकास आयोजनाको रु. १५४९४९७३ गरी कुल रु. १६५६५९४५० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

### ६ त्रैमासिक पुँजीगत खर्चः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशिर्षक | कुल खर्च (रु. हजारमा) | त्रैमासिक खर्च (रु. हजारमा) | | | | आषाढ महिनाको खर्च (रु. हजारमा) |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| गाउँपालिका पुँजीगत | २०३६४७ | ० | १३४५१ | ८२११६ | १०८०८० | ७०९४१ |
| संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | २२२६१ | ६६१ | २७२७ | - | १८८७३ | ११३५१ |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | ७६९५ | - | - | ४५०० | ३१९५ | ३१९५ |
| जम्मा खर्च | २३३६०३ | ६६१ | १६१७८ | ८६६१६ | १३०१४८ | ८५४८७ |
| खर्च प्रतिशत | - | ०.३७ | ६.९२ | ३७ | ५५.७१ | ३६.५९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु. २३ करोड ३६ लाख ३ हजार पुँजिगत खर्चको निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ६ लाख ६१ हजार (०.३७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १ करोड ६१ लाख ७८ हजार (६.९२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ८ करोड ६६ लाख १६ हजार (३७ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १३ करोड १ लाख ४८ हजार (५५.७१ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ८ करोड ५४ लाख ८७ हजार (३६.५९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

### ७ सेवा प्रवाह विवरणः

पालिकाबाट यस वर्षको सेवाप्रवाह सम्बन्धमा निम्नानुसार विवरण प्राप्त भएको छ ।

| विवरण | जम्मा |
|---|---|
| घरजग्गा नक्शा पास | - |
| जन्म दर्ता | ६३२ |
| मृत्यु दर्ता | २७० |
| विवाह दर्ता | ३४५ |
| बसाइँसराई दर्ता | १४९ |
| सम्बन्ध विच्छेद दर्ता | ६० |

यस पालिकाको बजार क्षेत्र विस्तारको क्रममा रहेकोले प्रशस्तै नयाँ घर तथा अन्य स्थायी संरचना निर्माण भइरहेको देखिन्छ तर पालिकाबाट प्राप्त विवरण अनुसार घरजग्गा नक्सापास शुन्य भएको देखियो । यस सम्बन्धमा अनुगमन गरी भवन संहिता र प्रचलित अन्य ऐन कानुन बमोजिम नक्सापासलाई अनिवार्य कार्यान्वयन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाहको अभिलेख व्यवस्थित गरी व्यक्तिगत घटना दर्तासँग सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राही भिडान गरी सेवा प्रवाहलाई चुस्तता दिनुपर्दछ।

८ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्ष/उपप्रमुखले मिति २०८०।३।१० मा रु. त्रिहत्तर करोड चालिस लाख सात हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१० **कानुन निर्माण र कार्यान्वयनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधीनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार पालिकाले हाल सम्म ३ वटा ऐन, १ वटा नियमावली, ९ वटा कार्यविधि तथा २ वटा अन्य कानुन समेत १५ कानुन स्वीकृत गरेको छ । विधिसम्मत ढंगबाट आवश्यक कानुनहरुको तर्जुमा हुनुपर्दछ साथै तर्जुमा भएका ऐन कानुनहरुको प्रभावकारी रुपमा कार्यान्वयन तथा समयानुकूल परिमार्जन समेत हुनुपर्दछ ।

११ **न्यायिक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दफा ४६ देखि ५३ सम्म स्थानीय न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायिक समितिमा गतवर्षको बाँकी १ र यस वर्ष दर्ता भएको २० समेत जम्मा २१ मध्ये १८ विवादको न्यायिक समिति मार्फत फछ्यौंट भई ३ वटा विवाद फछ्यौंट हुन बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।

१२ **संघीय कार्यालय अनुदानः**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार संघ सरकारले प्रदेश र स्थानीय सरकारलाई तथा प्रदेश सरकारले स्थानीय सरकारलाई समानीकरण, सशर्त, समपूरक र विशेष अनुदानका साथै राजस्व बाँडफाँड मार्फत वित्तीय हस्तान्तरण गर्ने व्यवस्था भए तापनि मुलुकमा विद्यमान कुनै पनि कानुनले स्थानीय सरकारले प्रादेशिक तथा संघीय सरकारलाई अनुदान उपलब्ध गराउने सम्बन्धी व्यवस्था उल्लेख गरेको छैन । स्पष्ट कानुनी आधार बेगर गाउँपालिका अध्यक्षको तोक आदेशमा यस वर्ष पालिकाले भौचर नं. ८९० – ०८१।०३।२१ बाट आफ्नो छुट्टै बजेट तथा संगठन संरचना अनुसार सञ्चालन हुने संघीय सरकार अन्तर्गतको जिल्ला अदालत, नवलपुरलाई AC खरिदको लागि भुक्तानी गरी खर्च लेखेको रु. ११७००० नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १,१७,००० |

१३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ रकमास्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पूर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत बढाउनुपर्ने देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६८५३५००० | ५१७५२३४४ | ७५.५१ |
| २ | पूर्वाधार विकास | २११३२९००० | १७७९५५१७८ | ८४.२१ |
| ३ | सामाजिक विकास | ३२२७८७००० | २९८८६८५३९.५ | ९२.५९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित | १२४६३००० | ८९७६९७५ | ७२.०३ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | १२०५६३००० | ९११३२२८०.३१ | ७५.५९ |
| | जम्मा | ७३५६७७००० | ६२८६८५३१६.८१ | ८५.४५ |

पालिकाले क्षेत्रगत वार्षिक बजेट अनुसार सुशासन तथा अन्तरसम्बन्धित सबैभन्दा कम ७२.०३ प्रतिशत र सामाजिक विकास अन्तर्गत सबैभन्दा बढी ९२.५९ प्रतिशत खर्च गरेको छ । कार्य सञ्चालन तथा प्रशासनिक खर्चमा नियन्त्रण गरी आर्थिक विकास, पूर्वाधार विकास, सुशासन लगायतका क्षेत्रका गतिविधिमा समेत जोड दिनु पर्ने देखिन्छ ।

१४ **बजेट सिमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१५ **योजनाको प्राथमिकिकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ७ वडाको लागि वडास्तरिय १६७ र पालिकास्तरका १०३ गरी कुल २७० योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु. २० लाख माथिका योजना | रु. ५ लाख देखि २० लाख सम्मका योजना | रु. ५ लाख भन्दा कमका योजना |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १०३ | २८ | ४५ | ३० |
| २. | वडास्तरीय | १६७ | ० | १० | १५७ |
| | **जम्मा** | २७० | २८ | ५५ | १८७ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये कतिपय योजनामा शुन्य प्रगति देखिएको हुदा कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१६ **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

१७ **अमिल्दो जमानत ढाँचाः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) बमोजिम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११०(१) अनुसार कार्य सम्पादन जमानत पेश गर्नुपर्ने व्यवस्था छ । बैंक जमानत प्राप्त गर्दा कार्यालयले सो जमानत विड डकुमेन्टमा उल्लेख भएको फर्मेट अनुसारको रहे नरहेको र सो जमानतमा कुनै शर्त रहे नरहेको निक्यौल गरेर मात्र लिनु पर्दछ । शर्त सहितको कार्य सम्पादन जमानत तथा पेश्की जमानतका प्राप्त गर्दा सो जमानतको दावी माग गर्दाको समयमा जमानत जारी गर्ने बैंक तथा वित्तीय संस्थाले सो शर्तका आधारमा दावी दिन नमिल्ने व्यहोरा सहित जानकारी दिने गरेको देखिन्छ । पालिकाले देहायका ठेक्काहरुमा कार्यसम्पादन जमानत र पेश्की जमानतमा सर्त सहितको जमानत स्वीकार गरेको देखिदा सम्झौता गर्दा निर्माण व्यवसायीबाट नियमानुसार शर्त रहितको बैंक जमानत लिने ब्यबस्था गर्नु पर्दछ। पालिकाले स्वीकार गरेका शर्त सहितका जमानतका उदहरण देहाय अनुसार रहेका छन ।

| क्र.सं. | कामको विवरण | जमानतको प्रकार | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं. २ मा ढलान तथा ट्रस पुल निर्माण | पेश्की | ८२१३२७ | Bid Doc. को Format मा नभएको |
| २ | कनिके सल चिसापानी चुहाक भैसेखोला | पेश्की | ९१२५३५ | Bid Doc. को Format मा नभएको |
| ३ | वडा नं. ७ का विभिन्न स्थानमा स्तरोन्नती | कार्यसम्पादन | ६०३३६८ | Bid Doc. को Format मा नभएको |
| ४ | ज्यामिरे चोक देखी तल्लो ज्यमिरे सडक | कार्यसम्पादन | २१३७२७ | Bid Doc. को Format मा नभएको |
| **जम्मा** | | | **२५५०९५७** | |

१८ **प्रशासकीय संगठन तथा जनशक्ति व्यवस्थापनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३४ दरबन्दी स्वीकृत रहेकोमा ३३ पदमा पदपूर्ति भई १ जना आन्तरिक लेखापरीक्षण सहाकको पद रिक्त देखिन्छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्नसक्ने देखिन्छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१९ **मर्मत सम्भार खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने र मर्मत सम्भार तथा संरक्षण आवेदन स्वीकृत गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन र मेशिनरी औजार मर्मत सम्भारको लागि रु. २४ लाख १५ हजार बजेट विनियोजन गरेकोमा मर्मत सम्भारमा जम्मा रु. १८ लाख ८७ हजार खर्च गरेको छ । मर्मत सम्भारमा भएको खर्च मध्ये अधिकांश खर्चको सम्बन्धमा लागत

अनुमान तयार गरेको पाइएन भने मर्मत सम्भार तथा संरक्षण खर्च सम्बन्धमा एकीकृत अभिलेख समेत राखेको पाइएन । तसर्थ मर्मत सम्भार सम्बन्धी खर्च गर्दा नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

२० **कर्मचारी कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबरको रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म ऐनको व्यवस्था बमोजिम अवकाश कोषको व्यवस्था गरेको छैन भने यस वर्ष कर्मचारी कल्याण कोष शिर्षकमा रु. ५ लाख विनियोजन गरी कर्मचारी कल्याण कोषमा सो रकम जम्मा गरेको छ । पालिकाले कर्मचारी कल्याण कोषको सञ्चालन, कोषमा कर्मचारीको योगदान र कोषबाट कर्मचारीले पाउने सुविधा सम्बन्धमा कुनै पनि कानुनी व्यवस्था कार्यान्वियनमा ल्याएको देखिएन । तसर्थ कर्मचारी कल्याण कोषको सञ्चालन सम्बन्धमा कानुनी व्यवस्था गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२१ **उद्धार तथा राहत सहायता वितरणः**

बिनयी त्रिवेणी गाउँपालिकाको आर्थिक सहायता कार्यविधि, २०७८ को परिच्छेद ४ बुँदा ६ मा विपदले जनधनको क्षतिको साथै जीवनयापन र वातावरणमा पारेको प्रतिकूल असर, प्रभावलाई कम गर्न र दैनिक जीवनयापनमा केही हदसम्म सहजता ल्याउन नियम अनुसार राहत रकम निवेदन प्राप्त भएको मितिले विशेष परिस्थिति बाहेक १५ दिन भित्र सम्बन्धित पीडितलाई उपलब्ध गराइनेछ भनेर उल्लेख गरिएको छ । पालिकाले यस वर्ष जेठ महिनामा घटेको विपदको घटना पिडीतलाई सहायता वितरण गर्न आर्थिक वर्षको अन्त्यमा भौचर नं. ९६३ - २०८१।०३।२४ तपशिल बमोजिम सहायता रकम भुक्तानी गरेकोमा कार्यविधिको व्यवस्था पालना भएको पइएन । तसर्थ सहायता वितरण सम्बन्धी कार्यविधिको पालना गरी उचित समयमा सहायता रकम उपलब्ध गाराई यसरी वितरण गरिएको उद्धार तथा राहत सहायता प्राप्त गर्ने लाभग्राहीको नामनामेसी सार्वजनिक गरी पारदर्शिता समेत कायम गर्नुपर्दछ ।

| क्र.सं. | भुक्तानी पाउने | भुक्तानी रु. | कैफियत |
|---|---|---|---|
| १ | दिनेश पोखरेल (सचिव, वडा नं. ५) | २०२००० | सम्बन्धितलाई राहत वितरण भएको भरपाईमा मिति नखुलेको |
| २ | रञ्जु ज्ञवाली न्यौपाने (सचिव, वडा नं. १) | २२००० | सम्बन्धितलाई २०८१।०५।२८ मा राहत वितरण गरिएको भरपाइ पेश भएको |
| ३ | सुनिल बस्नेत (सचिव, वडा नं. ३, ४) | ३४००० | सम्बन्धितलाई २०८१।०४।०१ मा राहत वितरण गरिएको भरपाइ पेश भएको |
| | जम्मा रु. | २५८००० | |

२२ **लघु उद्यम विकास कार्यक्रमः**

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादन सामाग्रीहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुट मूल्यमा सहभागीलाई नै विक्रि गरि प्राप्त रकम तोकिएबमोजिमको राजस्व खातामा जम्मा गर्नु पर्ने तथा उक्त सामान कहीँ पनि विक्री नभएमा स्टोर दाखिला गरि यथाशिघ्र लिलाम विक्रि गर्नुपर्ने व्यवस्था रहेको छ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत पालिकाले यस वर्ष तपशिल बमोजिमको कार्यक्रमहरु सञ्चालन गरेको छ ।

| क्र.सं. | कार्यक्रम /प्यकेजको नाम | विस्तृत विवरण | खर्च रु. | कैफियत |
|---|---|---|---|---|
| १. | नयाँ उद्यमी सिर्जना तर्फ अचार बनाउने तालिम | (२२ जनालाई १२ दिन) | ३७८४०० | तालिममा उत्पादित सामग्रीको जिन्सी दाखिला, बिक्री तथा आयआर्जन सम्बन्धी अभिलेख नराखिएको । |
| २. | नयाँ उद्यमी सिर्जना तर्फ बाँसको पटेर बनाउने तालिम | (२२ जनालाई २० दिन) | | |
| ३. | स्तरोन्नतितर्फ (बुटिक तथा ब्याग) उत्पादन तालिम | (२ वटा समूहलाई १ महिना) | २००००० | |
| | जम्मा खर्च रु. | | ५७८४०० | |

पालिकाले आ.व. २०८०।८१ मा अचार बनाउने, बाँसको पटेर बनाउने तथा बुटिक र व्याग उत्पादन सम्बन्धी सीप विकास तालिम सञ्चालन गरेकोमा उल्लेखित तालिमबाट उत्पादित सामग्रीहरुको अभिलेख राखेको छैन । तालिमको क्रममा उत्पादित सामग्रीहरुको

जिन्सी दाखिला, बिक्री तथा आयआर्जन सम्बन्धमा कुनै पनि अभिलेख प्राप्त नभएकाले एकातिर गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को पालना भएको छैन भने अर्कोतिर यसरी सञ्चालन भएका तालिमहरु व्यवसायिक उद्यमशीलता विकासमा प्रभावकारी नहुने भएकोले निर्देशिकाको पूर्ण पालना गरेर कार्यक्रम सञ्चालन गर्नु गराउनुपर्दछ ।

२३ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने साथै आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै तोकिए बमोजिम फछ्र्यौट गर्नुपर्ने उल्लेख छ । पालिकामा आन्तरिक लेखापरीक्षण सहायकको पद रिक्त रहेकोले यस वर्षको आम्दानी र खर्चका कारोबार तथा कोषहरुतर्फ आन्तरिक लेखापरीक्षण भएको छैन । आन्तरिक लेखापरीक्षकको पदपूर्ति गराई ऐनमा तोकिए बमोजिम आन्तरिक लेखापारीक्षण गर्ने तथा आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु उपर आवश्यक कारबाही गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

२४ **वार्षिक मर्मत शुल्कः**

पालिकाले खर्च गर्दा मितव्ययी र नतिजामूलक क्षेत्रमा खर्च गर्नुपर्दछ । पालिकाले सफ्टवेयरको वार्षिक मर्मत शुल्क बापत साङ्ग्रिला इन्फर्मेटिक्स प्रा.लि.लाई निम्नानुसार ४ सफ्टवेयरको वार्षिक मर्मत शुल्क बापत भौचर नं. २२८ - ०८०।०७।०३ बाट रु. ९७४२८६ भुक्तानी गरेको पाइयो । पालिकाको आन्तरिक आय व्यवस्थापनको लागि सुत्र प्रणालीमा राजस्वको मोड्युल कार्यान्वयनमा ल्याई परामर्शदातासँगको निर्भरता हटाउने तथा तथ्याङ्कहरुको दीगो सुरक्षा सुनिश्चित गराउनुपर्नेमा सुत्र प्रणालीको मोड्युल कार्यान्वयनमा आएको र साङ्ग्रिलाबाट प्रदान भएको सफ्टवेयरबाट सुत्र प्रणालीमा सम्पूर्ण डाटा माइग्रेट नभएकोले पालिकामा करदाताको अभिलेख तथा उठ्न बाँकी राजस्व रकम यकीन हुन सकेन जसले गर्दा साङ्ग्रिला इन्फर्मेटिक्सबाट सेवा लिई वार्षिक मर्मत शुल्क वापत भुक्तानी गर्नुको औचित्य पुष्टी हुँदैन । वार्षिक मर्मत शुल्क भुक्तानी भएपछि सो वर्षसम्मको राजस्व सम्बन्धी पालिकाको सम्पूर्ण अभिलेख साङ्ग्रिला प्रणालीबाट सुत्र प्रणालीमा माइग्रेट हुनुपर्नेमा परामर्शदाताले सो कार्यमा सहजीकरण नगरेको कारण पालिकाको राजस्वको डाटाबेस अपूर्ण रहेको देखिएकोले परामर्शदाता साङ्ग्रिला इन्फर्मेटिक्सले आफ्नो तपशिल बमोजिमको सफ्टवेरबाट पालिकाको राजस्व सम्बन्धी सम्पूर्ण डाटा सुत्र प्रणालीमा माइग्रेट गरेको पालिकाबाट आश्वस्त हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | प्रणालीको नाम | सम्झौता मिति |
|---|---|---|
| १ | आय लेखा सफ्टवेयर | २०७५।११।२० |
| २ | सम्पत्ति कर सफ्टवेयर | २०७५।११।२२ |
| ३ | आयलेखाको केन्द्रिय प्रणाली | २०७५।११।१८ |
| ४ | सम्पत्ति करको केन्द्रिय प्रणाली | २०७५।११।०३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,७४,२८६ |

२५ **औषधि आपूर्तिः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ को उपनियम १ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नुगराउनु पर्ने उल्लेख भएकोमा पालिकाले मिति २०८०।१२।३० मा भौचर नं. ५७४ (गा.पा. चालु) बाट रु. १४४७०५९ र भौचर नं. १३५ (सशर्त चालु) बाट रु. ११४२६२० समेत जम्मा रु. २५८९६७९ को औषधि आपूर्तक रानीमहल मेडिको सप्लायर्सबाट आपूर्ति भई भुक्तानी गरेकोमा सम्झौता अनुसार औषधिको परिमाण र दर उल्लेख भए तापनि औषधिको ब्याच नम्बर तथा म्याद उल्लेख गरेको पाइएन भने औषधि आपूर्ति पश्चात् सम्बन्धित प्राविधिकबाट नियमानुसार लिनुपर्ने आपूर्ति भएको औषधि तोकिएको स्पेसिफिकेशन बमोजिम भएको निरीक्षण प्रतिवेदन संलग्न गरेको पाइएन । जसले गर्दा आपूर्ति भएका औषधिहरु तोकिएको गुणस्तर र स्पेसिफिकेशन बमोजिम भएको

सम्बन्धमा आश्वस्त हुन नसकिएकोले औषधि आपूर्ति गर्दा नियमानुसार प्राविधिक निरीक्षण गराई सोको प्रतिवेदन संलग्न हुनुपर्ने व्यहोरा लेखापरीक्षणबाट औँल्याइए पश्चात् उक्त प्रतिवेदन पेश भएको छ । औषधि आपूर्तिको समयमा नै प्रतिवेदन लिई अभिलेख राखेर गुणस्तर सुनिश्चितता हुनुपर्दछ ।

२६ **कार्यक्रम सञ्चालनः**

संघीय सरकारबाट विनियोजित सशर्त अनुदान रकम जुन आर्थिक वर्षको लागि विनियोजन भएको हो सोही आर्थिक वर्षमा कार्यक्रम सञ्चालन हुनुपर्ने र सम्बन्धित आर्थिक वर्षमा कार्यक्रम सञ्चालन हुन नसकेमा रकम फिर्ता हुनुपर्नेमा पालिकाले आ.व. ०७९।८० मा सम्पन्न हुनुपर्ने गाई भैँसी पकेट कार्यक्रमको निरन्तरता सम्बन्धी कार्यक्रम गर्न अधिकृत छैठौँ रामदेव महासेठलाई आ.व.०७९।८० मा खर्च हुन नसक्ने अवस्थामा आर्थिक वर्षको अन्त्यमा कार्यक्रम सञ्चालनको लागि पेश्की दिई आर्थिक वर्ष ०८०।८१ मा कार्यक्रम सञ्चालन गरेको पाइयो । एउटा मात्र प्रशिक्षक रहेको विभिन्न ३ वटा कार्यक्रममा प्रशिक्षक तथा संयोजक भत्ता एकै जनाले बुझेको देखिएकोले ३ वटा कार्यक्रमको संयोजक भत्ता बापत अधिकृत छैटौँ रामदेव महासेठबाट रु. ३००० असुल गरी एक आर्थिक वर्षमा सञ्चालन गर्नुपर्ने कार्यक्रम अर्को वर्षमा सञ्चालन गरेको नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ६,२२,००० |

२७ **सामाजिक सुरक्षा तर्फः**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। यस पालिकामा आ.व. २०८०।८१ मा सामाजिक सुरक्षा भत्ता वितरणको लागि रु. १५२००२७४०।०० विनियोजन भएकोमा रु. १४८४५९४७७।०० खर्च भएको छ । सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएको अन्य व्यहोरा निम्न छन्।

२७.१ **सूचना प्रवाहः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानिय तहले सम्बन्धित गाउँ सभा तथा नगर सभामा पेश गर्नुपर्ने र स्थानीय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन। कार्यविधिको बुँदा ३२ मा स्थानीय तहले भुक्तानी गरेको भत्ता रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहको कार्यालयको अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामेसी सम्बन्धित स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था भए बमोजिम पालिकाले नियमित रुपमा लाभग्राहीहरुको नाम नामेसी वेबसाइटमा अद्यावधिक गरेको र स्थानीय तहको कार्यालय तथा वडा कार्यालयको सूचना पाटीमा सार्वजनिक गरेको पाइएन । समाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्दा कार्यविधिको अक्षरशः पालना हुनुपर्दछ ।

२७.२ **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को बुँदा ३४ अनुसार स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषयलाई समेत समावेश गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट सम्बोधन हुन नसक्ने गुनासा तथा सुझावहरु सम्बोधनका लागि स्थानीय तह, प्रदेश सरकार तथा नेपाल सरकारको सम्बन्धित नियकायमा पठाउनु पर्ने व्यवस्था भएकोमा उल्लिखित कार्य भए गरेको पाइएन। कार्यविधिको पालना गरी नियमित रुपमा सार्वजनिक सुनुवाई गरी भत्ता वितरण सम्बन्धमा छलफल गर्नुपर्दछ ।

२८ **आधारभूत अस्पताल भवन निर्माणः**

आधारभुत अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिका मा १० शैय्या अस्पताल भवन निर्माण गर्न ९ रोपनी जमिन हुनु पर्ने र सो स्थानमा भवन निर्माण गर्न सकिने/नसकिने समब्धी DPR गरी सके पश्चात मात्र निर्मण गर्नु पर्ने तथा सो भवन निर्माण गर्न संघीय सरकारले सशर्त अनुदान उपलब्ध गराउने व्यावस्था गरेको छ । यस पालिकाले सो निर्देशिकाले तोकेको मापदण्डको पालना नगरी ट्रस भवन सहितको अस्पताल भवन निर्माण गरी संघीय सरकारको सशर्त तर्फको बजेट खर्च गरेको पाईयो । नेपाल सरकारले शसर्त तर्फ ५/१०/१५ शैया भवन निर्माण कार्य वापत बजेट उपलब्ध गराउदा सो संरचना स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट स्वीकृत गरिएको

अस्पताल संरचनाको मापदण्ड अनुसारको हुनु पर्ने उल्लेख गरेको छ । पालिकाले सो आधारभुत अस्पताल भवन निर्माण सम्बन्धी निर्देशिकाको पालना नगरी शसर्त तर्फ ५/१०/१५ शैया शिर्षक गो.भौ.नं. १७-२०८१।०२।३० बाट रु. ४० लाख खर्च लेखी निर्माण व्यवसायी न्यौपाने मल्टिप्रपोजलाई भुक्तानी गरेको देखिँदा सो भुक्तानी वापतको रकम गाउँपालिकाले संघीय संचित कोष फिर्ता गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,००,००० |

२९ **अनुदानको अनुगमनः**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४,५००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३० **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय सरकारले व्ययको बजेट अनुमान र आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविध खर्चतर्फ रु. १५ लाख विनियोजन गरेकोमा रु. १२ लाख ९ हजार खर्च लेखेको छ । पालिकाले विविध खर्च शिर्षकबाट चालु प्रकृतिका खर्च गर्दा मितव्ययी र औचित्यपूर्ण तवरले खर्च गर्नुपर्दछ ।

३१ **पदाधिकारी सुविधाः**

नेपालको संविधानको धारा २२७ मा उल्लेखित गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार गण्डकी प्रदेशले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७६ जारी गरेको छ। उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाले यस वर्ष पदाधिकारी सेवा सुविधा शिर्षकमा रु. ९८ लाख विनियोजन गरेकोमा ३७ जना जनप्रतिनिधिहरुको सेवा सुविधा (३६ जना जनप्रतिनिधिको बीमा शुल्क समेत) बापत जम्मा रु. ९० लाख ३० हजार खर्च गरेको छ । जसमा बैठक खर्च, चाडपर्व खर्च र १२ महिनाको सेवा सुविधा बापतको भुक्तानी समावेश छ ।

३२ **इन्धन खर्चः**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चत मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनुपर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले यस वर्ष इन्धन शिर्षकमा रु. ३५ लाख बजेट विनियोजन गरेकोमा पदाधिकारी, कर्मचारी तथा हेभी इक्युपमेन्ट सञ्चालन समेतको इन्धनका लागि जम्मा रु. २८ लाख ७९ हजार खर्च गरेको छ । इन्धन खर्चलाई यथासम्भव मितव्ययी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

३३ **खेलकुद विकासः**

गण्डकी प्रदेशको 'प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८' को दफा २३ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्नेछ भनेर उल्लेख गरिएको छ । तसर्थ बजेट विनियोजन तथा खर्च गर्दा आर्थिक तथा सामाजिक लाभ उच्च हुने उत्पादनमुलक प्रकृतिको कार्यक्रमहरुमा औचित्य पुष्टी हुने गरी स्रोत परिचालन गर्नुपर्दछ । पालिकाले यस वर्ष राष्ट्रपति रनिङ सिल्ड समेत युवा तथा खेलकुद विकास शिर्षकमा पालिका स्तरीय र वडागत रुपमा गरी जम्मा रु. ३४ लाख बजेट विनियोजन गरेकोमा अधिकांश रुपमा ससाना र पटके खेलकुद कार्यक्रमको खर्च भुक्तानी गरी रु. ३१ लाख ७८ हजार ९२६ खर्च लेखेको छ । पालिकाले कार्यविधि नबनाई गाउँकार्यपालिकाको निर्णयबाट खेलकुद विकास समिति गठन गरेकोमा खेकुद विकास समितिले हालसम्म खेलकुद विकास सम्बन्धी कुनै पनि कार्ययोजना बनाएको छैन भने टोल स्तरीय, विद्यालय स्तरीय, वडा स्तरीय र नगर स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन सम्बन्धमा कार्यविधि र

वार्षिक क्यालेण्डर समेत बनाएको छैन । तसर्थ खेलकुद विकास सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्दा कार्यविधि र वार्षिक क्यालेण्डर बनाई निश्चित विधि र प्रकृयाको आधारमा पारदर्शी रुपमा सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३४ **सामी कार्यक्रम साझेदारीः**

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२२** को निर्णयले रू **११०,६८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३५ **यन्त्र उपकरण सञ्चालनः**

पालिकामा भारी यन्त्र उपकरणको रुपमा ब्याक हो लोडर र ट्र्याक्टर एकएक थान रहेका छन् । व्यवसायिक रुपमा प्रयोग गरी आय आर्जन गर्न सकिने ट्र्याक्टर र ब्याक हो लोडरबाट पालिकाले कुनै पनि आय प्राप्त गरेको देखिँदैन । उल्लेखित भारी यन्त्र उपकरणहरुको सञ्चालनमा पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत बापत गरेको खर्चको बर्गीकृत र स्पष्ट अभिलेख उपलब्ध छैन । पालिकाले उपरोक्त उपकरणहरु सञ्चालनको लागत लाभ विष्लेषण समेत गरेको पाइएन । जसको कारण पालिकाले भारी यन्त्र उपकरण सञ्चालनमा गरेको खर्च सम्बन्धी लेखा अभिलेख व्यवस्थित हुन सकेको छैन । पालिकाको यन्त्र उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ। यस्ता यन्त्र उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ।

३६ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले 753 वटै स्थानीय तहमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार सञ्चालन कार्यविधि, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएका बेरोजगारहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । कार्यक्रम अन्तर्गत यस आ.व.मा पालिकामा सिँचाइ कुलो र नाला मर्मत तथा नहर सरसफाइ, बगैँचा सरसफाइ, खानेपानी पाइपलाइन खन्ने पुर्ने, खोला तटबन्धन लगायतका प्याकेजमा निर्माण, मर्मत तथा सरसफाइका ११ वटा प्याकेजमा कार्यक्रम सञ्चालन गरी जम्मा ४९६ जना सूचीकृत बेरोजगारहरु मध्ये ७० जनालाई औसत ९८ दिनका दरले जम्मा ६८७७ दिन रोजगारी उपलव्ध गराई ज्याला बापत कुल रु. ४५ लाख ९३ हजार ८३६ खर्च गरेको छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु. ६६३००००।०० मध्ये लक्षित वर्गलाई औसत ९८ दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत रु. ६४५०५९९।०० खर्च लेखेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना अभिवृद्धि तथा दीर्घकालीन रोजगारी सिर्जनामा प्रभावकारी योगदान पुगेको देखिँदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले दीर्घकालीन रोजगारी सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

३७ **ढलान कार्यः**

ढलान कार्य गर्दा सडक विभागबाट जारी गरिएको Rigid Pavement Design Guideline अनुसार हुने गरी निर्माण गरिनु पर्दछ । Guideline मा ढलान कार्य गर्दा प्रत्येक Longitudinal Joint र Transverse Joint मा क्रमशः Tie Bars र Dowel Bars अनिवार्य रुपमा राख्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले निर्माण गरेका ढलान कार्यमा सो अनुसारको Tie Bars र Dowel Bars राखेको पाईएन । एक स्ल्याव अर्को स्ल्यावमा जोडिने ठाउ एकदमै Critical र कमजोर हुने हुदा सो स्थानमा विशेष प्रकारले निर्माण गरिनु पर्दछ । सडक विभागले जारी गरेको Guideline मा Tie र Dowel देहाय अनुसार राख्नु पर्ने गरी व्यवस्था गरेको छ ।

| Slab thickness | Dowel bar details | | |
|---|---|---|---|
| | Diameter, mm | Length, mm | Spacing, mm |
| 200 | 25 | 360 | 300 |
| 230 | 30 | 400 | 300 |
| 250 | 32 | 450 | 300 |
| 280 | 36 | 450 | 300 |
| 300 | 38 | 500 | 300 |
| 350 | 38 | 500 | 300 |

| Slab thickness | Tie bar details | | | | |
|---|---|---|---|---|---|
| | Diameter (d) mm | Maximum Spacing, mm | | Minimum length, mm | |
| | | Plain | Deformed | Plain | Deformed |
| 150 | 8 | 330 | 530 | 440 | 480 |
| | 10 | 520 | 830 | 510 | 560 |
| 200 | 10 | 390 | 620 | 510 | 560 |
| | 12 | 560 | 900 | 580 | 640 |
| 250 | 12 | 450 | 720 | 580 | 640 |
| 300 | 12 | 370 | 600 | 580 | 640 |
| | 16 | 660 | 1060 | 720 | 800 |
| 350 | 12 | 320 | 510 | 580 | 640 |
| | 16 | 570 | 910 | 720 | 800 |

पालिकाले सडक विभागबाट जारी गरिएको सो Guideline को पालना नगरी एकै पटक सोलिङ्ग गरेर ढलान गरिएकोमा सो ढलान कार्य तोकिएको गुणस्तरको भएको मान्न सकिने अवस्था देखिएन । Tie Bars र Dowel Bars ले joint मा लोड परेको समयमा एक स्ल्याबबाट अर्को स्ल्याबमा लोड Transfer गर्ने र सो भागमा लोडको कारणले हुने क्षति कम गर्न राख्नु पर्ने महत्वपुर्ण निर्माण सामाग्री नै नराखी ढलान कार्यको निर्माण गरेको पाईयो ।दैनिक चार सय भन्दा घटी सवारी साधान चल्ने भएकोले Tie Bars र Dowel Bars नराखेको मौखिक भनाई रहेतापनी सोको स्पष्ट हुने आधार संलग्न गरेको छैन। Tie Bars र Dowel Bars बीना ढलान कार्य गर्दा सडकको भारबहन क्षमता र दिगोपना मा असर पर्ने हुँदा Guideline को पालना गरी ढलान को कार्य गर्ने गरी सडक निर्माण हुनुपर्ने देखिन्छ।

| क्र.सं. | आयोजनाको नाम | ढलान परिमाण | दर (मु.अ.कर समेत) | रकम | Concrete को प्रकार |
|---|---|---|---|---|---|
| १ | कनिकेसल चिसापानी चुहाक भैसेखोला सडक | २९८.४२ | ९०४० | २६९७७१७ | M20 |
| २ | दुम्कीवास डाडाजोर सर्दी देउराली हुदै पाल्पा जाने सडक | २४९१.९६ | ११८६५ | २९५६७१०५ | M20 |
| ३ | खुमबारी लाले सडक | २०६.५५ | १०७३५ | २२१७३१४ | M20 |
| ४ | होंसी गेटकोल्टाडी सडक निर्माण | ३९४.२ | १२७०८.५८ | ५००९७२२ | M30 |
| **कुल जम्मा** | | | | **३९४९१८५९** | |

३८ **घटी कवोल आईटमको काम नगरेकोः**

सम्झौता अनुसारको कार्य निर्माण व्यवसायीबाट सम्पन्न गराउनु पर्दछ । निर्माण व्यवसायीले लागत अनुमान भन्दा एकदमै थोरै कवोल गरेको आईटमको काम नै गर्नु नपर्ने गरी भेरिएसन स्वीकृत गरेको पाईयो । लागत अनुमान गर्दा रु. ८८८१.६५ प्रति रनिङ्ग मिटर लाग्ने ह्युमपाईप रु. ५०० प्रति रनिङ्ग मिटर मै गर्न तयार तथा रु. ५६९४.७६ प्रति रनिङ्ग मिटर पर्ने सानो साईजको ह्युमपाईप समेत रु. ५०० प्रति घनमिटरमै गर्न तयार हुदा समेत कार्यालयले आवश्यक नरहेको भनी काम नै नगराई भेरिएसन गराएको देखियो । समग्रमा कार्यालयले रु. ४०९२०८.६९ को लागत अनुमान गरेको कार्य निर्माण व्यवसायीले रु. ४३८४४.०० मै गर्न तयार भई कवोल गर्दा समेत सो कार्य नगराई भेरिएसन गर्दा पुनः सो कार्य गराउदा आर्थिक वर्ष २०७९।८० कै दरमा अनुसार पनि कम्तिमा लागत अनुमान अनुसारको खर्च व्यहोर्नु पर्ने देखिन्छ । यसरी कम खर्चमा हुने काम गर्न नपर्ने भनी भेरिएसन गरी हटाउदा पुनः सो कार्य गराउदा घटीमा रु. ४०९२०८.६९ खर्च व्यहोर्नु पर्ने देखिदा पालिकालाई थप व्ययभार पर्ने देखिन्छ ।

| आईटम | परिमाण | लागत अनुमान दर | ल.ई.रकम | कवोल दर | कवोलरकम |
|---|---|---|---|---|---|
| खन्ने कार्य | २०.७० | ९७.८५ | २०२५.५० | ८० | १६५६ |
| सोलिङ्ग कार्य | ४.२८ | ३०७९.४ | १३१७९.८३ | १५०० | ६४२० |
| पिसिसि कार्य | २.१४ | ८५१९.१ | १८२३०.७९ | ६२०० | १३२६८ |
| ६०० एमएम ह्युम पाईप | ३७.५ | ८८८१.६५ | ३३३०६१.८८ | ५०० | १८७५० |
| ४५० एमएम ह्युम पाईप | ७.५ | ५६९४.७६ | ४२७१०.७० | ५०० | ३७५० |
| **जम्मा** | | | **४०९२०८.६९** | | **४३८४४** |

३९ **ज्यामिरे चोक देखी तल्लो ज्यामिरे सडकः**

ज्यामिरे चोक देखी तल्लो ज्यामिरे चोक सम्म करिव २४० मिटरमा बेस, प्राईमकोट तथा कालोपत्रे गर्ने र सो भन्दा अघि ८१० मिटर सम्म ओभरले मात्र गर्ने गरी रु. ६९४७३०५.१२ को लागत अनुमान गरी बोलपत्र आह्वान गरेकोमा कुनै पनि बोलपत्र नपरेको पाईयो । यसरी प्रथम पटकको सुचना आह्वान गर्दा बोलपत्र नपरेमा सार्वजनिक खरिद ऐन, २०६४ को दफा २६(५) को अधिनमा रहि पुनः सुचना निकाल्नु पर्ने व्यवस्था छ । ऐनको दफा २६(५) मा कुनै बोलपत्र नपरेमा वा परे पनि सबै अस्वीकृत भएमा पुनः बोलपत्र आह्वान गर्दा त्यसरी खरिद कारवाही अस्वीकृत वा खरिद कारवाही रद्द हुनाकव कारणको समिक्षा गरी आवश्यकता अनुसार बोलपत्र सम्बन्धी कागजात, प्राविधिक स्फेसिफिकेसन, लागत अनुमान तथा खरिद सम्झौताका शर्तहरु हेरफेर समेत गर्नु पर्ने व्यवस्था गरेको छ । तर कार्यालयले के कति कारणले वोलपत्र नपरेको सो सम्बन्धी कुनै समिक्षा नगरी एकै पटक ३४० मिटरमा कालोपत्रे र नालीको संरचना निर्माण गर्ने गरी लागत अनुमान गरी पुः बोलपत्र आह्वान गरेको पाईयो । ओभरले को कालोपत्रेको लागी बोलपत्र नपर्ने तर संरचना सहितको कालोपत्रेको लागी बोलपत्र पर्ने कारणको समिक्षा नगरी एकै पटक कामको प्रकृति नै परिवर्त गरिनु उपयुक्त देखिएन । यसरी बोलपत्र नपरी पुनः बोलपत्र आह्वान गर्दा ऐनको प्रावधानको पालना हुने गरी काम कारवाही गर्न तर्फ विशेष ध्यान दिनु पर्दछ ।

४० **डिप बोरिङ्ग निर्माणः**

सिंचाई प्रयोजनको लागी डिप बोरिङ्ग नारायणी गण्डकी सामुदायिक तथा सस्कृत मा.वी. मा सो योजना निर्माण गर्ने प्रयोजनको लागी संघीय सरकारको विशेष अनुदानबाट रु. ८५,००,०००.०० भुक्तानी हुने र बाँकी उपभोक्ता समितिले योगदान गर्ने गरी रु. ९२२४५०९.६३ को लागत अनुमान गरी उपभोक्ता समितिका रुपमा श्री नारायणी गण्डकी सामुदायिक तथा सँस्कृत मा.वी. सँग मिति २०८०।११।२४ मा सम्झौता गरी मिति २०८१।०२।३१ भित्र निर्माण सम्पन्न गर्ने गरी कार्यदिश दिएको पाईयो । सशर्त बजेटको रकम सो वर्ष भित्र तोकिए अनुसारको काम गर्न नसकेमा वा काम गरेर बजेट बाँकी रहेमा फिर्ता गर्नु पर्ने व्यवस्था रहेको छ । सम्बन्धित उपभोक्ता समितिले तोकिएको समयमा सो बोरिङ्ग खन्ने कार्य सम्पन्न गरेको नदेखिदा सो निर्माण गर्न भुक्तानी गरिएको पेश्की वापतको रकम समेत फिर्ता गर्नु पर्नेमा कार्यालयले सो पेश्की रकम फिर्ता गरेको देखिएन । सशर्तको बजेट बाट निर्माण गरिने सो डिप बोरिङ्ग तोकिएको अवधीमा निर्माण हुन नसकेको हुदा सोको निर्माण अवधी थप गरी कार्यालयले अर्को वर्ष सम्म पुर्‍याएको र सो वापत आगामी आर्थिक वर्षमा बजेट प्राप्त नहुने हुदा रु. ६०,२६,५००.०० पालिकालाई व्ययभार परेको पाईयो । पालिकाको तर्फबाट समेत आगामी वर्षमा थप हुने दायित्व यकिन नगरि योजनाको म्याद थप गरेको देखिदा सो अनुसारको व्ययभार पेशको देखिँदा यसरी पेश्की रकम भुक्तानी लिई लेखापरीक्षण अवधी (२०८१।०९।०५) सम्म निर्माण कार्य भएको कुनै अभिलेख पालिकामा पेश भएको नदेखिदा देहाय अनुसारको उपभोक्ता समितिलाई निर्माण कार्यको ढिलाई तथा पालिकालाई रु. ६०,२६,५००.०० थप व्ययभार परेको सम्बन्धमा जिम्मेवार बनाउनु पर्दछ ।

| क्र.सं. | नाम थर | समितिमा जिम्मेवारी |
|---|---|---|
| १. | श्री केशवरराज भण्डारी | अध्यक्ष |
| २. | श्री राम कुमारी चौधरी | कोषाध्यक्ष |
| ३. | श्री मदन कुमार कुसवाह | सचिव |
| ४. | श्री गोविन्द देवकोटा | सदस्य |
| ५. | श्री सोम बहादुर राना | सदस्य |
| ६. | श्री बिर बहादुर ठकुरी | सदस्य |
| ७. | श्री भोज बहादुर थापा | सदस्य |
| ८. | श्री भक्ति अधिकारी | सदस्य |
| ९. | श्री उमा भण्डारी | सदस्य |

४१ **Weep hole बापतको भुक्तानीः**

Standard specification for road and bridge को Spec. नं. ३१०४(३) मा weep holes shall not be paid separately, the contract unit rate for respective items shall be deemed to include cost for providing such holes. भनि उल्लेख गरेकोछ । यस कार्यालयको दुम्कीवास डाडाजोर सर्दी देउराली हुदै पाल्पा जाने सडक निर्माण कार्यको बि.ओ.क्यू. मा २७०.५४ रनिङ्ग मिटर weep holes को लागी पाईप राखी भुक्तानी गरेको पाईयो । यसरी Standard specification ले भुक्तानी गर्न नमिल्ने गरेको आईटमको समेत सम्झौतामा राखी यस आर्थिक वर्ष सम्म निर्माण व्यवसायी प्रदिप प्रतिभा जे.भी. लाई २५४.४५ रनिङ्ग मिटर प्रति रनिङ्ग मिटर रु. ३००.०० का दरले रु. ७५३३५.०० भुक्तानी भएको देखिँदा सोको मु.अ.कर समेत असुल हुनु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८६,२५९ |

## ४२ अधुरो अवस्थामा कार्य स्वीकारः

खरिद सम्झौता अनुसारको निर्माण कार्य गर्दा सम्झौताका सर्त बमोजिम सम्पुर्ण निर्माण कार्य सम्पन्न हुने गरी निर्माण गर्ने र सो अनुसार सम्पन्न भएको निर्माण कार्य सम्झौताका शर्त अनुसार भएको भनी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार कार्य स्वीकार गर्नु पर्दछ । सम्झौता बमोजिमको निर्माण कार्य अधुरो छोड्ने निर्माण व्यवसायी लाई सार्वजनिक खरिद ऐन, २०६३ र सम्झौताका शर्त बमोजिम कार्य सम्पादन जमानत जफत गरी कारवाही गर्नु पर्दछ । निर्माण कार्य अगाडि बढाउन नसक्ने काबु बाहिरको परिस्थिति बाहेकको पुष्ट्याई बेगर अधुरो निर्माण कार्य स्वीकार गर्न नसकिने अवस्थामा समेत कार्यालयले २७ प्रतिशत सम्म घटी कार्य गरेको ठेक्का समेत स्वीकार गरेको देखिदा सो कार्य नियम सम्मत देखिएन । कार्यालयले देहायका निर्माण कार्य अधुरो राखेको अवस्थामा निर्माण व्यवसायीलाई कारवाही गर्नु पर्नेमा सो नगरी अधुरो अवस्थामै कार्य स्विकार गर्नेलाई जिम्मेवार बनाई नियमित गर्नुपर्ने रु.

| क्र.सं. | निर्माण कार्य | सम्झौता रकम | कार्यसम्पन्न रकम | बाँकी कामको रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | दमै टाडी हुदै बगुवन मुखिया गौरा सडक उ.स. | ५९७९७५८.७५ | ४३४६३३९.२२ | १६३३४१९.५३ | २७.३२ |
| २ | त्रिवेणी धाम धार्मिक क्षेत्र पुर्वाधार विकास | १११८५५४६.८५ | ८२३१३३०.० | २९५४२१३.८५ | २६.४१ |
| | **जम्मा** | | | **४५८७६३३.३८** | |

| | |
|---|---|
| अनियमित भएको | ४५,८७,६३३ |

## ४३ जमानत बीना पेश्की भुक्तानीः

सार्वजनिक खरिद नियमावलीले निर्माण कार्यको पेश्की भुक्तानी गर्दा सो पेश्की रकम खाम्ने रकम बराबरको मान्य अवधी भएको पेश्की जमानत पेश गरेर मात्र पेश्की भुक्तानी गर्नु पर्ने व्यवस्था गरेको छ । कार्यालयले विभिन्न उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा बिना जमानत पेश्की उपलब्ध गराएको पाईयो । सार्वजनिक खरिद ऐन र नियमावली तथा खरिद सम्झौताको अनुसार पेश्की भुक्तानी गर्नु पर्ने भएमा सो बराबरको पेश्की जमानत लिएर मात्र दिनु पर्नेमा सो नगरी पेश्की भुक्तानी गर्दा सार्वजनिक कोषको रकम जोखिममा पर्ने हुदा सो कार्यमा नियन्त्रण हुनु पर्दछ । कार्यालयले जमानत बिना पेश्की उपलब्ध गराएका उदाहरण देहाय अनुसार रहेका छन् ।

| सि.नं. | उपभोक्तासमितिको नाम | पेश्की दिएको/पे.फ.गरिएको गो.भौ.नं. र मिति | पेश्की रकम |
|---|---|---|---|
| १ | अस्थाई प्रहरी चौकी निर्माण उ.स. | २४-२०८०।०८।१४ | ४५०००० |
| २ | ईलाका प्रशासन कार्यालय ट्रस भवन निर्माण उ.स. | १०७-२०८०।१२।२५ | १०५००० |
| ३ | सुनटाँडी कृषक समुह | १६-२०८१।०२।२८ | १०४२५०० |
| ४ | खुमबारी खार झोलुङ्गे पुल निर्माण उ.स. | ०६-२०८०।०७।०१ | १०१६६३५ |
| ५ | चनौटेखोला झोलुङ्गे पुल निर्माण उ.स. | ०३-२०८०।०६।१७ | ५०१४०१ |
| ६ | दमै टाडी बगुवन मुखिया गौरा सडक उ.स. | १२८-२०८१।१२।३० | १६५०००० |
| ७ | चन्द्र मार्ग, विजय मार्ग, रुद्र मार्ग सडक उ.स. | ४०-२०८०।०९।२९ | ९००००० |
| ८ | विनयी खोला च्यानलाईजेसन निर्माण उ.स. | ४२-२०८०।१०।०२ | ६००००० |
| ९ | होंसी गेट देखी कोल्टाडी बाटो स्तरोन्नती उ.स. | १२९-२०८१।०१।०९ | १५००००० |
| **जम्मा** | | | **७७६५५३६** |

४४ **बेस गरेको भन्दा बढीमा प्राईमकोट राखेकोः**

कार्यालयले बास्तविक भएको कामको नाप जाँच गरी नापी किताबमा चढाएको परिमाणको सम्झौता अनुसारको दरमा भुक्तानी गर्नु पर्दछ । सडक वोर्डबाट जारी गरिएको Standard specification for Road and Bridge अनुसार बेस कोर्ष गरेको भागमा मात्र प्राईमकोट र सो कै माथी ट्याककोट राखी कालो पत्रे गर्नु पर्ने उल्लेख गरिएको छ । बेसकोर्ष नराखी ओभरले गर्नु पर्दा वा पुल तथा कल्भर्टमा अस्फाल्टको वेयरिङ्ग कोर्ष गर्दा ट्याककोट मात्र राखेर कालोपत्रे गर्नु पर्ने उल्लेख छ । पालिकाले प्रसैया साहुमारा शिवपुरगढी केउलानी सडकमा निर्माण व्यवसायी सुद्रव डिजाईन एण्ड कन्सट्रक्सनले बेसकोर्ष गरेको स्थान भन्दा बढी हुने गरी प्राईमकोट राखेको देखिदा देहाय अनुसार प्राईमकोटको भुक्तानी भएको रकम सम्ब्धित बाट असुल हुनु पर्ने रु.

| विवरण | बेसको परिमाण | बेसको मोटाई | बेसको क्षेत्रफल | प्राईम राखेको क्षेत्रफल | बढी क्षेत्रफल | प्राईकोट छर्ने दर @0.९ |
|---|---|---|---|---|---|---|
| साहुमारा खण्ड | ४९.२१ | ०.१ | ४९२.१ | ५१७.९५ | २५.८५ | २३.२७ |
| साहुमारा अर्को | ८५.२ | ०.१ | ८५२ | ८९६.८ | ४४.८ | ४०.३२ |
| प्रसैया साहुमारा | ४१८.८३ | ०.१ | ४१८८.३ | ४४०८.७५ | २२०.४५ | १९८.४१ |
| वालपुरी मन्दीर | १६१.८८ | ०.१ | १६१८.८ | १७०४ | ८५.२ | ७६.६८ |
| ठाडो बाटो | १२२.०६ | ०.१ | १२२०.६ | १२८४.८८ | ६४.२८ | ५७.८५ |
| कोटीहोम चोक | ३२.७ | ०.१ | ३२७ | १८७१ | १५४४ | १३८९.६ |
| बेस गरेको भन्दा प्राईमकोट गरेको क्षेत्रफलको बढी परिमाण | | | | | | १७८६.१२ |
| दर | | | | | | १६५ |
| **कुल रकम** | | | | | | **२९४७१०.१३** |
| मुल्य अभिबृद्धि कर | | | | | | ३८३१२.३१७ |
| **कुल जम्मा** | | | | | | **३३३०२२.४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,३३,०२२ |

४५ **झोलुङ्गे पुलको व्यवस्थापन खर्चः**

निर्माण कार्यको अनुगमन, निरीक्षण तथा निर्माण कार्यको व्यवस्थापन गर्न गाउँपालिका कार्यालयको जनशक्तिको योग्यता र क्षमता पर्याप्त रहेमा बाह्य पक्षबाट सो कार्य गराउनु हुँदैन । कार्यालयमा विद्यमान ईन्जिनियर सहितका प्राविधिकहरू रहेको अवस्थामा पनि झोलुङगे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत प्राविधिक तथा व्यवस्थापकीय कार्य गर्नका लागि हिमालयन सामुदायिक विकास मञ्च नामक गैर सरकारी संस्थासँग सम्झौता गरेको पाइयो । कार्यालयको भन्दा सो संस्थासँग रहेका जनशक्तिको योग्यता र क्षमता अधिक र अपरिहार्य रहेको भनि संलग्न तथ्यबाट खुल्दैन । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(८) बमोजिम सार्वजनिक निकायले उपभोक्ता समितिलाई प्राविधिक सहयोग उपलब्ध गराउन नसक्ने भएमा आवश्यक प्राविधिक जनशक्ति नियुक्त गर्दा भुक्तानी गरिने पारिश्रमिक लागत अनुमानको तीन प्रतिशतभन्दा बढी हुने छैन भन्ने प्रावधान विपरीत झोलुङ्गे पुलको प्रत्यक्ष लागतको ३ प्रतिशत प्राविधिक शुल्क तथा ३ प्रतिशत सामाजिक परिचालन र व्यवस्थापकीय कार्य गरे वापत कुल ६ प्रतिशत भुक्तानी दिने प्रावधानबमोजिम खुमल्टार ज्यामिरे, र चनौटे खोला झोलुङ्गे पुलको रेखदेख र व्यवस्थापन गरेको भनि संघीय सरकारकोबाट हस्तान्तरीत कार्यक्रमको भौ.नं. २२ मिति २०८१-०३-२० रु. ३४१६४८.६८ र गो.भौ.नं. ५ मिति २०८०।०७।०१ बाट रु. ४२६७५३.०० गरी कुल रु. ७६८४०१.९६ व्यवस्थापकीय लगायत सेवा शुल्कको लागी भुक्तानी दिएको पाइयो । कार्यालयमा रहेका जनशक्ति आफैले गर्न सक्ने कार्यमा बाह्य पक्षबाट कार्य गराउने परिपाटी बन्द गर्नुपर्नेमा खरिद नियमावलीको ९७(८) को सीमा तीन प्रतिशतभन्दा बढी हुने गरी शुल्क तोकी सामाजिक परिचालन र व्यवस्थापकीय कार्यका लागि भुक्तानी गरेको रु. ७६८४०१.९६ नियमसम्मत नदेखिएकोले साथै आगामी दिनमा सो प्रकृतिको खर्चमा नियन्त्रण गर्ने प्रतिबद्धता सहित नियमित हुनु पर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ७,६८,४०२ |

४६ **ढिला वीमा गरेकोः**

सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा बीसलाख रुपिया भन्दा बढीको निर्माण कार्यको हकमा सो निर्माण कार्यमा प्रयोग गरिने मेसिन, उपकरण, प्लान्ट आदीको विमा गराउनु पर्ने उल्लेख छ । निर्माण कार्यको लागी गरिएको ठेक्का सम्झौतामा सो निर्माण कार्यको लागी साईट उपलब्ध गराएको दिन देखी त्रुटि सच्याउने अवधी सम्मको विमा गराउनु पर्ने व्यहोरा सोही सम्झौता को GCC 19.1 मा उल्लेख छ । कार्यालयले आयोजना निर्माण गर्न सम्झौता गरेको मा सम्झौता मिति भन्दा धेरै पछाडी गएर मात्र वीमा गरेको तथा वीमा गरे पनि मान्य अवधी भन्दा घटी अबधी हुने गरी बीमा गरेको पाईयो । यसरी देहायका योजनाहरुमा सम्झौता मिति भन्दा धेरै समय पश्चात बीमा गर्ने तथा सम्झौता अवधीको अन्तिममा आएर वीमा गर्ने र छोटो अवधिको लागी मात्र वीमा गरी भुक्तानी गरिएका योजनामा भएको वीमा वापतको खर्च उपयोग बिहिन देखिएको रु.

| क्र.सं. | योजनाको नाम | सम्झौता मिति | वीमा गरेको मिति | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | वडा नं २ मा ढलान तथा ट्रस पुल निर्माण | २०८०।०८।२१ | २०८१।०२।२९ | ३८९७९.७ | जम्मा ३ दिनको लागि मात्र वीमा गरेको |
| २ | कनिकेसलचिसापानी चुहाक भैसेखोला | २०८०।०८।२१ | २०८०।१२।०१ | ४२९९९.७५ | ६ महिनाको वीमा गर्नु पर्नेमा ३ महिनाको मात्र |
| ३ | खुमबारी लाले सडक टाटा भैसेखोला सडक | २०८०।०८।२१ | २०८०।११।०६ | २०२६८.१ | २०८० फागुन ८ मा कार्य सम्पन्न फागुन ६ मा वीमा गरेको |
| ४ | दुम्कीबासजोगीकुटी ठुलो टाडी | - | २०८१।०२।३१ | २३९७९.४४ | १ दिनको लागी मात्र वीमा गरेको |
| ५ | ज्यामिरेचोक देखी तल्लो ज्यामिरे | २०८०।१२।१५ | २०८१।०२।२७ | १५००० | ५ दिनको लागी वीमा गरेको |
| जम्मा | | | | १४१२२६.९९ | |

| | |
|---|---|
| अनियमित भएको | १,४१,२२७ |

४७ **बीमा नगराएकोः**

सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा बीसलाख रुपिया भन्दा बढीको निर्माण कार्यको हकमा सो निर्माण कार्यमा प्रयोग गरिने मेसिन, उपकरण, प्लान्ट आदीको विमा गराउनु पर्ने उल्लेख छ । निर्माण कार्यको लागी गरिएको ठेक्का सम्झौतामा सो निर्माण कार्यको लागी साईट उपलब्ध गराएको दिन देखी त्रुटि सच्याउने अवधी सम्मको विमा गराउनु पर्ने व्यहोरा सोही सम्झौता को GCC 19.1 मा उल्लेख छ । कार्यालयले देहायका योजनामा वीमा नगराई निर्माण कार्य गराएको देखिदा सम्झौताको शर्तको पालना भएको मान्न सकिने अवस्था देखिएन । निर्माण कार्य गराउदा सम्झौतामा भएको शर्त अनुसार हुने गरी वीमा गराएर मात्र निर्माण कार्य गरिनु पर्दछ ।

| क्र.सं. | योजनाको नाम | कैफियत |
|---|---|---|
| १ | प्रसैया साहुमारा शिवपुरगढी केउलानी सडक | बीमा नगराएको |
| २ | त्रिवेणीधाम धार्मिक क्षेत्र पुर्वाधार विकास | बीमा नगराएको |
| ३ | बगैचाआदर्सटोल सालघारी सडक | बीमा नगराएको |
| ४ | कनिकेसाल चिसापानी चुकाहा भैसेखाल सडक | बीमा नगराएको |

४८ **शर्त सहितको वीमाः**

(प्रतिकृयाबाट सैद्धान्तिक व्यहोरा थप गरिएको।)

( ✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-६** को निर्णयले रू **४९५,७६५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| अनियमित भएको | ० |
|---|---|

४९ **ब्याकहो लोडर खरिदः**

पालिकाले 4WD ब्याकहो लोडर खरिदको लागी लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेकोमा न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्रही आपुर्ति कर्ताको रुपमा ईन्फ्रास्ट्रक्चर लिजिङ्ग एण्ड कन्सट्रक्सन प्रा.लि. ले कवोल गरेको रु. ४५९३२२७.०० मा सम्झौता भई खरिद गरेको पाईयो । आपुर्ति कर्ताले मिति २०८१।०३।१८ मा नाममा बाग्मती प्रदेश-०१-००१ ग ३९९ नम्बर सहित साना ठुला सवारी ललितपुरबाट यस गाउँपालिकाको नाममा नामसारी गरेको पाईयो । प्रादेशिक हिसाबले सवारी दर्ता गर्ने र सो अनुसारनै राजश्व बुझाउनु पर्ने गरी व्यवस्था भए पनि कुनै वर्ष विषेश कारण परेमा दर्ता भएको प्रदेश भन्दा अन्य प्रदेशमा समेत सवारी साधनको राजश्व भुक्तानी गर्न मिल्ने व्यवस्था रहेको छ । पालिकाले खरिद गरेको सावरी बाग्मती प्रदेशको साना ठुला सवारीमा दर्ता भएकोमा सो को संचालन सधैभरी गण्डकी प्रदेश अन्तरगत हुने हुदा यस सवारी साधनको कर तथा राजश्व सधैको भरी गण्डकी प्रदेशमै बुझाउनु पर्ने अवस्था रहेको देखिन्छ । एउटा प्रदेशमा दर्ता हुने तर अर्कै प्रदेशमा राजश्व बुझाउनु पर्दा सम्बन्धित प्रदेशको राजश्व गुम्ने अवस्था देखिदा सो सवारी साधनलाई गण्डकी प्रदेश अन्तरगत स्थानान्तरण गर्नु पर्दछ ।

५० **कृषि तथा पशुमा अनुदानः**

कृषि क्षेत्रको रुपान्तरण, कृषी तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषी, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ । सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण बापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकावाट निम्नानुसारका कार्यक्रमहरु सञ्चालन गरी रु. ७५ लाख ८२ हजार ५७३ खर्च भएको देखिन्छ । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेबसाइटबाट सार्वजनिक गर्नुगराउनु पर्दछ ।

| क्र.सं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | व्यक्ति/फर्म संख्या | खर्च |
|---|---|---|---|
| १ | कृषि प्राविधिकहरुको क्षमता अभिबृद्धि तथा आवश्यक प्राविधिक सामाग्री हस्तान्तरण | ८ | ९४३२८ |
| २ | ५०% अनुदानमा कृषि मेशिनरी वितरण कार्यक्रम | १२ | ८४०००० |
| ३ | वर्षे तरकारी प्रवर्द्धन कार्यक्रम | नखुलेको | २७९४३५ |
| ४ | आकस्मिक बाली संरक्षण कार्यक्रम | नखुलेको | ९३०२० |
| ५ | ५० % अनुदानमा वर्षे फलफुल बिरुवा वितरण | नखुलेको | १०५००० |
| ६ | ५० % अनुदानमा वर्षे फलफुल बिरुवा वितरण | नखुलेको | १०५६६० |
| ७ | ५० % अनुदानमा आलु बिउ वितरण | नखुलेको | २९९९९६ |
| ८ | ५० % अनुदानमा आलु बिउ वितरण | नखुलेको | ३००००० |
| ९ | हिउदे तरकारी प्रवर्द्धन कार्यक्रम | नखुलेको | २९६२७२ |
| १० | पुष्प खेती प्रर्वद्धन कार्यक्रम | ११ | २२१९०७ |
| ११ | सामुहिक नर्सरी स्थापना कार्यक्रम | नखुलेको | ३४८७३२ |
| १२ | ५० % अनुदानमा कन्ये च्याउ बिउ वितरण | नखुलेको | ११५२५० |
| १३ | ५० % अनुदानमा कन्ये च्याउ बिउ वितरण | नखुलेको | ८३२५० |
| १४ | माटो सुधार कार्यक्रम | १५० | ३९४९१० |
| १५ | केरा ब्लक व्यवस्थान कार्यक्रम वडा नं. ७ | १ | १९९७१५ |
| १६ | कृषक समुह गठन, व्यस्थापन तथा क्षमता अभिवृद्धि कार्यक्रम | १८ | १००००० |
| १७ | स्थलगत तालिम ७ वटै वडा (तरकारी/फलफुल /खाद्यन्न) | १७५ | ३४९१५२ |
| १८ | क्षेत्रफलको आधारमा तरकारी प्रोत्साहन कार्यक्रम | ९ | १७२५०० |
| १९ | रासायनिक मल कार्ड कार्यक्रम | १ | ८८१४० |
| २० | ८५% अनुदानमा साना सिचाई कार्यक्रम सञ्चालन | १७ | ३६२७७४ |
| २१ | ८५% अनुदानमा साना सिचाई कार्यक्रम सञ्चालन | १७ | २२५१६८८ |
| २२ | ८५% अनुदानमा साना सिचाई कार्यक्रम सञ्चालन | १७ | ४८०८४४ |
| | जम्मा खर्च | - | ७५८२५७३ |

५१ **नदीजन्य पदार्थको मौज्दात प्रमाणिकरणः**

नदिजन्य पदार्थको वर्षको मौज्दात प्रमाणित विवरण पालिकाबाट प्रमाणित गरी जिल्ला समन्वय समितिको कार्यालय कावासोतीलाई पालिका भित्र सञ्चालित विभिन्न क्रसर उद्योग तथा बालुवा प्रशोधन उद्योग कम्पनी सप्लायर्सले स्वघोषणा गरी पेश गरेको विवरण अनुसार निम्नानुसार २३ फर्महरुको आर्थिक वर्ष २०८०।०८१ को अन्त्यमा ३२१०५८.३३ घनमिटर (११३२६९३८ घन फिट) मौज्दात रहेको पाइयो । यो वर्ष पालिकाले ६ ठेक्काबाट ४५८८१३४.४ घनफिट मात्र बिक्री गरेको अवस्थांमा सो खरिद गर्ने मध्ये २ व्यवसायीको मौज्दात देखिँदैन । पालिकालाई नदिजन्य पदार्थको मौज्दात प्रमाणित गरी पठाएका त्रिवेणी क्रसर उद्योग प्रा. लि., विनयी त्रिवेणी वडा नं. १ दुम्कीवास, स्क्रिनिङ्ग प्रा. लि. विनयी त्रिवेणी वडा नं. २,४ र अनुपम निर्माण सेवाको मौज्दात यो वर्ष उत्खनन् तथा संकलन अनुमती भन्दा क्रमश. ३४१८१.६४, २६३०.५६ र ३००० घनमिटर (मौज्दात प्रमाणित घनमिटरमा उल्लेख गरेकोले) बढी मौज्दात प्रमाणित गरेको देखिन्छ । लेखापरीक्षणको क्रममा मौज्दात प्रमाणित र उत्खनन् तथा संकलन सम्बन्धी पालिकाबाट प्राप्त

निम्नानुसारको कैफियत सहितको विवरण अनुसार नदिजन्य पदार्थको स्रोत नखुली अधिक मौज्दात गर्ने १४ फर्मबाट जरिबाना बापत रु. २०९१२८२ असुल गरेको पाइयो । पालिकाभित्र सञ्चालित निम्नानुसार क्रसर उद्योग तथा बालुवा प्रशोधन कम्पनी।सप्लायर्सले खरिद - बिक्री खाता, स्टक बुक र बिल बीजक लगायत अन्य कागजातका आधारमा स्वघोषणा गरेको र पालिकाबाट अनुगमन गरी जरिबाना असुल गरेको भए तापनि वर्षौँदेखि मौज्दात रहीरहेको निम्नानुसारको अवस्थाले नदीजन्य पदार्थको गैरकानुनी रुपमा उत्खनन तथा सङ्कलन हुन सक्ने देखिँदा पालिका तथा अन्य नियामक निकायबाट सघन अनुगमन हुनुपर्ने देखिन्छ ।

| सि.नं. | नदिजन्य पदार्थको मौज्दात विवरण भएको व्यक्ती/फर्म | ७८/०७९ कोमौज्दात (घ.मी.) | ०७९/०८० को मौज्दात (घ.मी.) | ०८०/०८१ कोमौज्दात (घ.मी.) | जरिवाना | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री बागलुङ्ग कालिका क्रसर उधोग | ५८६४२.२५ | ५४४२८.९१ | ४१८७८.३ | - | पुरानो मौज्दात रहेको तथा पाटनरशिपमा ठेक्का हालेको |
| २ | श्री त्रिबेणी क्रसर उधोग प्रा.लि. | ८०७७६.५ | ६९५४४.०६ | ७७१४०.१२ | - | पुरानो स्टक रहेको तथा ठेक्कामा सहभागी |
| ३ | श्री महाबिर एग्रिगेट इन्डस्ट्रिज प्रा.लि. | १०७०३५.७८ | ९३९१३.०७ | ८७२३२.३ | - | आर्थिक मन्दीकोकारण बिक्रि नभई स्टक रहेको |
| ४ | श्री विनयी सर्दी कन्स्ट्रक्सन एण्ड बालुवा गिट्टी प्रशोधनप्रा.लि. | १००२५.६१ | १६२९४.२६ | १९०२९.९३ | - | पालिकाबाट हुने ठेक्कामा सहभागी |
| ५ | श्री शिवम बालुवा प्रशोधनउद्योग प्रा.लि. | ८३६८.२७ | १००२८.३५ | २५९४२.२६ | - | ठेक्कामा सहभागी |
| ६ | भैरव बाबा प्रशोधन उद्योग एण्ड सप्लायर्स प्रा.लि. | ३४०८.३३ | ७७६५.७३ | ३१२२.६३ | ४८८०४.७७ | |
| ७ | दुम्कीवास स्क्रिनिंग प्रा.लि., | ११५१७.३२ | ९४१९.४९ | १२५१०.५६ | | ठेक्कामासहभागी |
| ८ | दृष्टि कन्स्ट्रक्सन एण्ड वालुवा गिट्टी प्रशोधन प्रा.लि., | ७१५५.३४ | ३४२०.१८ | २५६२.७७ | ५७०७३.०४ | |
| ९ | पि.आर सप्लायर्स, | २८.३१ | ४६७८.६ | ४७२३.८२ | १०००७७.४६ | |
| १० | अनुपम निर्माण सेवा प्रा.लि., छहरा -०४, पाल्पा | - | - | १५२००. | - | ठेक्कामा सहभागी |
| ११ | कालिका इन्टरप्राइजेज, | १२८९.४ | १२८९.४ | ८२२.७ | ६९८८६.५७ | |
| १२ | कुडापानि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., | - | - | ३१८.५२ | २४३६७५. | नयाँ दर्ता |
| १३ | कुवर सप्लायर्स, | ३३७.७४ | ३९.२८ | ७८.९१ | ६००८७.४६ | |
| १४ | गोसाईबाबा कन्स्ट्रक्सन एण्ड सप्लायर्स, | १०७.८८ | १००६.२९ | २५४.८१ | १९४९४०. | |
| १५ | घान्द्रुके सप्लायर्स, | - | - | ३९४.९६ | ३०२१५७. | नयाँ दर्ता |
| १६ | जीवन एण्ड सितल सप्लायर्स प्रा.लि., | ६०२.५२ | २२४१.७१ | १९७.९ | १०४९६०.७४ | |
| १७ | प्रभु सप्लायर्स, | - | - | १९१.११ | १४६२०५. | नयाँ दर्ता |
| १८ | प्राथना सप्लायर्स, | १८२७.२१ | १६१६.०९ | ३६८९.८५ | १८०७९.२६ | |
| १९ | बाग्लुंङ कालिका ढुवानी एग्रिगेट एण्ड सप्लायर्स प्रा.लि., | २८७१३.७१ | १२१५९.३६ | २०५४२.९८ | - | अघिल्लो बर्षको मौज्दात तथा ठेक्कामा सहभागी भई कार्य गरेको |
| २० | मुखिया सप्लायर्स, | ३००.७६ | ३५६.७९ | ५१०.४६ | ९९०४३.७७ | |
| २१ | सरोज सन्ध्या सप्लायर्स, | ३६१.५१ | ३८८.९८ | २७५७.७९ | ४०२९६.९७ | |
| २२ | सर्दी मल्टीप्रपोज | ९४.७२ | १४३९.४१ | ५३२.६४ | ६०१६३.५५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २३ | सामुयल सप्लायर्स, | ६४.६९ | ४६४.२२ | १४२६.९५ | ५४५८३२. | |
| **जम्मा** | | ३२०६५७.८५ | २९०४९४.१८ | ३२१०६२.२७ | २०९१२८२.५८ | |

५२ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रुपमा पहिचान भएका राजस्वका सबै श्रोतहरु उचीत तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन । पालिकाले वडागत रुपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ । साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | आम्दानी शीर्षक | अनुमान | असुली |
|---|---|---|---|
| १ | एकीकृत सम्पत्ति कर | ७००००० | ५०८५७२ |
| २ | भुमिकर/मालपोत | २०००००० | १४४६०६७ |
| ३ | घरजग्गा रजिष्टेशन दस्तुर | ७०००००० | ५०११४२२ |
| ४ | वहालकर | ३०००००० | २५७३७६३.२४ |
| ५ | वहालविटौरी कर | - | - |
| ६ | सवारी साधन कर (सानासवारी) | - | - |
| ७ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १००००० | - |
| ८ | अखेटोपहारमा लाग्ने कर | - | - |
| ९ | अन्यकर | ४०००००० | ५२५३५९२.९९ |
| १० | परीक्षा शुल्क | - | - |
| ११ | अन्य प्रशासनिक सेवा शुल्क | - | - |
| १२ | नक्सापास दस्तुर | १५००००० | २८७९२५ |
| १३ | सिफारिश दस्तुर | १०३६४००० | ५००३७८० |
| १४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४००००० | ६०९९४० |
| १५ | नाता प्रमाणित दस्तुर | ३००००० | १७१७४० |
| १६ | अन्य दस्तुर | २१००००० | ५४१०६३ |
| १७ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | १४०००००० | ११३५२१२० |
| १८ | प्रशासनिकदण्डजरिवाना र जफत | - | ११२०००० |
| जम्मा | | ४५४६४००० | ३२८६९९८५.२३ |
| अनुमानको तुलनामा असुली प्रतिशत | | १०० | ७२.२९ |

माथि उल्लेखित विवरण अनुसार पालिकाले आर्थिक वर्ष २०८०।८१ मा रु. ४५४६४००० असुली हुने अनुमान गरेकोमा रु. ३२८६९९८५.२३ मात्र असुली गरेको छ जुन असुली अनुमानको ७२.२९ प्रतिशत देखिए तापनि कतिपय आम्दानी शिर्षकमा असुली शुन्य देखिन्छ । अनुमान गरिएको शिर्षक अनुसारको असुली र कतिपय शिर्षकमा अनुमाननै न्यून गरिएको देखिदा अनुमान बढाई सोहि अनुसारको आम्दानी गर्ने तर्फ पालिकाको ध्यान जानु पर्ने देखिन्छ ।

५३ **आय अनुमानः**

पालिकाको आर्थिक ऐन वा सम्बन्धित ऐन बमोजिमस्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर र दहत्तर बहत्तर शुल्क समेत गरी रु. १०२५४९००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु. ८३३५४१०८.०६ आम्दानी भएको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गरी आन्तरिक आयबाटै आत्मनिर्भर बन्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

५४ **विभाज्यकोषको रकम बाँडफाँड हुन बाँकीः**

गण्डकी प्रदेश आर्थिक ऐन, २०८० को दफा ८(५) मा प्राकृतिक स्रोतबाट संकलन गरी विभाज्य कोषमा रहेको मुल्य अभिबृद्धि कर बाहेको रकम मध्ये साठी प्रतिशत सम्बन्धित स्थानिय तहमा राख्ने र बाँकी रकम प्रदेश संचितकोष दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ । यस पालिकले ढुंगा, गिट्टि तथा बालुवा जस्ता प्राकृतिक स्रोतको बिक्रि वितरणबाट प्राप्त गरेको सम्पुर्ण रकम रु. ६३६८३७३०.५९ प्रदेश संचितकोष र स्थानीय संचितकोषमा वितरण नगरी स्थानीय संचित कोषमा जम्मा गरेको पाईयो । यस पालिकाको विभाज्य कोषमा रहेको रकम मध्ये बाडफाड गरी देहाय अनुसार हुने रकम सम्बन्धित संचितकोषमा दाखिला गर्नु पर्ने देखिन्छ ।

| क्र.सं. | कोष | रकम |
|---|---|---|
| १ | प्रदेशसंचित कोष (४०% ले हुने रकम) | २५४७३४९२.२४ |
| | **जम्मा** | **२५४७३४९२.२४** |

*नोटः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(क३) मा दहत्तर बहत्तर तथा नदि जन्य पदार्थको बिक्रिबाट प्राप्त आम्दानी स्थानीय संचित कोष दाखिला गर्नु पर्ने व्यवस्था भए अनुसार स्थानीय संचितकोषमा दाखिला गरेको कार्यालयको भनाई रहेको छ ।*

५५ **IEE प्रतिवेदन र उत्खनन तथा सङ्कलनः**

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत गरी सोही प्रतिवेदनमा उल्लेख भए बमोजिम वातावरण संरक्षणका उपायहरु अवलम्बन गरी नदीजन्य पदार्थको उत्खनन तथा सङ्कलन गर्नुपर्नेमा पालिकाले यो वर्ष नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलनको लागि विभिन्न १४ वटा प्याकेजमा सूचना निकालेकोमा 6 प्याकेजको ठेक्का बन्दोबस्त भएको पाइयो । ठेक्का बन्दोबस्त भएका ६ प्याकेजका IEE प्रतिवेदनमा उत्खनन तथा सङ्कलन गर्न सकिने दैनिक परिमाण तथा वार्षिक अधिकतम परिमाण उल्लेख भएको देखिन्छ । राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिको नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन सहमति पछि ठेक्का प्रक्रियामा पालिका र उत्खनन तथा सङ्कलनको पट्टा पाउने निर्माण व्यवसायीको सम्झौता अवधि जतिसुकै भए पनि IEE प्रतिवेदनमा उल्लेख भए बमोजिमको वार्षिक अधिकतम परिमाणलाई आधार मानी ठेक्का बन्दोबस्त हुँदा IEE अनुसारको दैनिक उत्खनन तथा सङ्कलन सम्बन्धी परिमाण सम्बन्धी मापदण्डलाई पालना गरेको देखिँदैन । IEE ले तोकेको सीमा प्रतिकूल हुने गरी छोटो समयमा अधिक उत्खनन हुँदा पालिकाले तत्काल आफ्नो आन्तरिक आय वृद्धि गर्न सफल भएको देखिए पनि दीर्घकालमा पानीको मुहान सुक्न गई सिँचाइ तथा पिउनको लागि पानीको समस्या देखिन सक्ने हुँदा सिंचाई संरचानको तुलनामा पानी बग्ने धार गहिरिदा सिंचाई संरचना उपयोगमा असर परी सिंचित क्षेत्रमा सिंचाई सुविधा नपुग्ने तथा सघन अनुगमन नहुँदा तटवन्धको लन्चिङ तथा राजमार्गका पुलहरु लगायतका संरचनामा जोखिम आई दीर्घकालमा पर्ने वातावरणीय जोखिम तथा संरचनामा मर्मत लागत उच्च हुने हुँदा नदिजन्य पदार्थको उत्खनन्, संकलन,तथा बिक्रीमा IEE प्रतिवेदनको पूर्ण पालना र प्रभावकारी अनुगमन हुनुपर्ने साथै उपयुक्त समयमा ठेक्का व्यवस्थापन कार्य सम्पन्न गरी पालिकाको आन्तरिक आय वृद्धि सँगै वातावरणीय पक्षको प्रवर्द्धमा समेत पालिकाको ध्यान जानुपर्दछ ।

५६ **नदीजन्य पदार्थको बिक्रीः**

पालिकाले प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन साथै पालिकाको नदीजन्य पदार्थको मुख्य स्रोत चुरे क्षेत्र पर्ने हुनाले राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट यस पालिका भित्रका विनयी खोला गंगटे खोला सुनही खोला र ज्यामिरे खोलाका विभिन्न १४ खण्डबाट ९९७०२२४.३ घनफिट नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन गर्न अनुमति प्राप्त भएको देखिन्छ । अनुमति प्राप्त खण्ड र परिमाणमा उत्खनन तथा सङ्कलन गर्न बोलपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक रुपमा सूचना आव्हान गरी नदीजन्य सामग्री बिक्रीको सूचना निकालेकोमा उत्खनन तथा सङ्कलन गर्न ६ खण्ड उत्खनन् तथा संकलन गर्न ५ व्यवसायीले जम्मा रु. ५३४१३८९८.८६ रकम कबोल गरी दाखिला गरेका छन् । राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट अनुमति प्राप्त १४ मध्ये ६ खण्डको ठेक्काबाट रु. ५३४१३८९८.८६ असुली भएको बाहेक ८ खण्डमा नदीजन्य प्राकृतिक स्रोतको बैध उत्खनन तथा संकलन भएको पाइएन । यसबाट पालिकाको आन्तरिक आय सङ्कलनमा असर परेको देखिन्छ भने ढुंगागिटी बालुवा जस्तो नदीजन्य पदार्थ खोलामा थुप्रिन गई खोलाको सतह बढेको कारण बस्ती तथा खेतीयोग्य जमिन बाढीको उच्च जोखिममा परेको अवस्था देखिन्छ । बाढीजन्य जोखिमबाट बस्ती तथा खेतीयोग्य जमिनलाई जोगाउन साथै पालिकाको आन्तरिक आय स्रोतको परिचालन गर्न प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन (IEE) तथा राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको अनुमति बमोजिमको खण्ड र परिमाणमा ठेक्का नलाग्नुको कारण पहिचान गरी राजस्व परामर्श समिति तथा कार्यपालिकाले नियमानुसारका वैकल्पिक विधिबाट अनुमति प्राप्त गरेको सिमासम्म नदीजन्य पदार्थ बिक्रीको लागि आवश्यक व्यवस्थापन हुनुपर्ने देखिन्छ ।

५७ **ढुंगाको राजस्व आम्दानीः**

पालिका भित्र प्रयोग हुने नदीजन्य निर्माण सामग्रीको तोकिए बमोजिमको राजस्व पालिकाले प्राप्त गर्नुपर्दछ । पालिकाको १४ मध्ये ६ प्याकेजमा आय ठेक्का लागेको र आय ठेक्का नलागेको स्थानमा वैकल्पिक विधिबाट आय सङ्कलन हुने व्यवस्था मिलाई ती स्थानमा सञ्चालन हुने निर्माण कार्यमा स्थानीय निर्माण सामग्री उपयोग गरी निर्मित संरचना मितव्ययी र गुणस्तरिय हुने वातावरण बनाउनुपर्दछ । उदाहरणको लागि कार्यालयले विनयी खोला तटबन्द कार्यको लागी कार्यालयले ढुंगाको प्रति घन मिटर रु. १७००.०० राखी दर बिश्लेषण गरेको र सो अनुसार नै निर्माण व्यवसायीले प्रति घ.मि. रु. २०५०.०० कबोल गरेको पाईयो । सो निर्माण कार्यमा कुल ६६९ घ.मि. ढुङ्गा लागेको नापी किताबबाट देखियो । पालिका अन्तरगतका धेरै खोलामा आय ठेक्का नलागेको अवस्थामा सो निर्माण व्यवसायीबाट त्यही नदीबाट ढुंगा उठाई तटबन्द निर्माण गर्न दिने गरी सम्झौता गरेको भए न्युनतम प्रदेश दर अनुसार प्रति घ.मी.को रु. ३५८.८० का दरले ६६९ घ.मि. ढुङ्गाको रु. २४००३७.०० रकम राजश्व पालिकालाई आम्दानी हुने अवस्था थियो । निर्माण स्थल खोलामै भएको अवस्थामा निर्माण व्यवसायीले सोही खोलाबाटै ढुंगा ल्याई निर्माण गर्ने हुँदा निर्माण व्यवसायीले अन्यत्र बाट ढुंगा ल्याई सो निर्माण कार्य गरेको भन्नेमा विस्वस्त हुने आधार देखिएन । निर्माण व्यवसायीलाई ढुंगाको दर पनि दिने र सो निर्माण व्यवसायीले सोही स्थानबाट ढुंगा प्रयोग गरी निर्माण गर्ने हुदा पालिकालाई दोहोरो नोक्सानी भएको देखिन्छ । दर विश्लेषणमा ढुंगाको स्रोत (क्वाइरी साइट) नतोकिएको कारण सोही खोलाको ढुंगाको प्रयोग भएको भन्न नसकिएकोले सो अनुसारको राजस्व असुली हुनुपर्ने व्यहोरा उल्लेख गर्न सकिएन । पालिकाले आफ्नो क्षेत्रमा सञ्चालन हुने निर्माण कार्यमा प्रयोग हुने नदीजन्य निर्माण सामग्रीको राजस्व प्राप्तिको सुनिश्चितता हुनुपर्दछ ।

५८ **आय बक्यौताः**

पालिकाको सभाबाट स्वीकृत दर रेट बमोजिमको कर तथा शुल्क असुल गरी सम्बन्धित शिर्षकमा दाखिला हुनुपर्दछ । पालिकामा दर्ता भएका तर खारेजी नभएका व्यवसायीहरुबाट पालिकाको सभाले तोके बमोजिमको कर असुल हुनुपर्दछ । त्यसको लागि पालिकाको कर तिर्न बाँकी व्यवसायीको अभिलेख दुरुस्त राखी त्यसलाई सेवा प्रवाहसँग आवद्ध गर्नुपर्दछ । पालिकामा दर्ता भएको करदाताको अभिलेख वडा कार्यालयमा रहेको तर उक्त अभिलेख एकीकृत रुपमा कार्यपालिका कार्यालयमा रहेको पाईएन ।कार्यालयमा ठूला करदाताको मात्र अभिलेख रहेकोमा वडा कार्यालयको समेत एकीकृत अभिलेख पालिकामा राखी उठ्न बाँकी बक्यौता असुल हुनुपर्दछ भने पालिकाको अभिलेख र प्राप्त प्रमाणीत विवरण अनुसार सि जी सिमेन्ट उद्योग विनयी त्रिवेणी गापा २ को आ.व. २०८०/८१ सम्मको जरिवाना समेत उठ्न बाकी राजस्व रु. १२००००० पाईयो ।वडा कार्यालयको विवरण तथा अभिलेख अद्यावधिक गरी सो समेत सि.जि. सिमेन्ट प्रा.लि. सँग असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,००,००० |

५९ **सामुदायिक वनबाट आयः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

६० **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १,१३,५२,१२०.०० कर सङ्कलन गरेको देखियो । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको नदेखिँदा पालिकाभित्र सञ्चालनमा रहेका व्यापारिक तथा व्यवसायिक फर्महरु करको दायरामा नआएको कारण पालिकाको राजस्व सङ्कलनमा असर पर्न सक्ने भएकाले पालिकाको क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करदाता नक्शाङ्कन (Tax Mapping) गरेर करको दायराभित्र ल्याउनु पर्दछ ।

६१ **उपभोक्ता समितिबाट जटिल प्रकृतिको कार्यः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्य तथा रोजगारी सिर्जना हुने तथा निर्माणपश्चात उपभोक्ता समितीलाई हस्तान्तरण गर्ने सकिने प्रकृतीका कार्यहरु को जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, सडक कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । अनुभवी र व्यवसायिक ज्ञान भएका निर्माण व्यवसायीबाट निर्माण व्यवसायीबाट गराउनु पर्ने कार्य यसरी उपभोक्ता समितिबाट गराउदा काममा गुणस्तर नहुने र वास्तविक लाभग्राहीले सो काममा अपनत्व समेत बोध गर्ने अवस्था नहुने हुदा यस्तो कार्य नियम सम्मत देखिदैन । यसरी देहाय अनुसार जटिल प्रकृतिको कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको रु.

| क्र.सं. | उपभोक्ता समितिको नाम | भुक्तानी | कामको विवरण/कैफियत |
|---|---|---|---|
| १ | सुनटाडी कृषक समुह | २९०७८५१ | **बोरिङ्ग खन्नेः** खन्ने काम Extra Energy and construction Pvt.Ltd. बाट गरिएको । |
| २ | नारायणी गण्डकी सामुदायिक तथा संस्कृत मा.वि. | २४७३५०० | **बोरिङ्ग खन्नेः** खन्ने कार्य सुरु गरेको अभिलेख संलग्न नरहेको । |
| **जम्मा** | | **५३८१३५१** | |

| | |
|---|---|
| अनियमित भएको | ५३,८१,३५१ |

६२ **उपभोक्ता समितिको कार्य निर्माण व्यवसायीले गरेकोः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । साथै सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । उपभोक्ता समितिले निर्माण गर्न सम्झौता गरेको कार्य निर्माण समितिले गर्न पाउने अवस्था नरहेकोमा यस पालिकाको अनिक्रम ओखरी चन्दाटार बाटो निर्माण कार्यको रु. १७२८९८३.९० को लागत अनुमान गरी निर्माण उपभोक्ता समितिलाई निर्माण गर्न दिईएकोमा सो निर्माण उपभोक्ता समितिले आफैले सो कार्य नगरी लाहुरे कन्स्ट्रक्सन एण्ड सप्लायर्सलाई कार्य गर्न दिएको पाईयो । उपभोक्ता समितिको लागत दर र निर्माण व्यवसायीको लागत दर फरक हुने र उपभोक्ता समितिको सम्झौता रकम प्रतिशप्रर्धा बेगर गरिने हुदा सो निर्माण कार्य उपभोक्ताले निर्माण व्यवसायीबाट गराउन पाउदैन । यस योजनाको निर्माणको सम्पुर्ण कार्य निर्माण व्यवसायीले

गरी रु. १७३३३०७.०० को कर बिजक सम्बन्धित निर्माण उपभोक्ता समितिलाई दिएको र सो उपभोक्ता समितिले त्यही कर बिजक यस कार्यालयमा पेश गरी रु. १५५०७९७.०० भुक्तानी लिएको देखियो । यसरी उपभोक्ता समितिले गर्ने गरी सम्झौता गरेको कार्य निर्माण व्यवसायीबाट गराई भुक्तानी लिएको रकम नियम सम्मत नदेखिएकोले नियमित हुनुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | १५,५०,७९७ |

संपरीक्षणबाट थप भएको बेरूजू

| क्र.सं. | बेरुजुको विवरण | रकम |
|---|---|---|
| १ | **शर्त सहितको बीमाः** सार्वजनिक खरिद नियमावलीको नियम ११२ मा बीसलाख रुपिया भन्दा बढीको निर्माण कार्यको हकमा सो निर्माण कार्यमा प्रयोग गरिने मेसिन, उपकरण, प्लान्ट आदीको विमा गराउनु पर्ने उल्लेख छ । निर्माण कार्यको लागी गरिएको ठेक्का सम्झौतामा सो निर्माण कार्यको लागी साईट उपलब्ध गराएको दिन देखी त्रुटि सच्याउने अवधी सम्मको विमा गराउनु पर्ने व्यहोरा सोही सम्झौता को GCC 19.1 मा उल्लेख छ । निर्माण कार्यको वीमा गर्दा सम्झौताको GCC 19.1 मा व्यवस्था भए अनुसारको शर्तको अधिनमा रहि गर्नु पर्दछ । कार्यालयले दुम्कीबास डाडाजोर सर्दी देउराली हुदै पाल्पा जाने सडक कालोपत्रे कार्यको लागी बीमा गराउदा (1) Construction of road between 1 km construction of road there must be 50 meter’s gap in each and every section. In case of noncompliance the deductible would be double, (2) In case of more than 25% loss of sum insured due to any reason the deductible will be double the above mentioned. भनी शर्त राखेको पाईयो । सम्झौताको शर्तमा भएको व्यवस्था भन्दा अन्यथा हुने गरी शर्त राखी वीमा गर्दा क्षति भएको अवस्थामा दावी पुग्न सक्ने अवस्था रहदैन । यसरी शर्त राखी पेश गरेको वीमा पोलिसी वापत कार्यालयले रु. ४,९५,७६४.८१ भुक्तानी गरेको छ ।अन्तिम लेखापरीक्षणको क्रममा यस सम्बन्धी व्यहोरा औँल्याईए पश्चात पालिकाले सम्बन्धित वीमा प्रदायकबाट सो अनुसारको शर्त हटाई नया पोलिसी बनाएको प्रमाण पेश गरेको अवस्था छ । कार्यालयले निर्माण कार्य वापत वीमा स्वीकार गर्दा शर्त नरहेको वीमा पोलिसी मात्र लिने तर्फ ध्यान दिनु पर्दछ । | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बिनयी त्रिवेणी गाउँपालिका, नवलपुर , विनयी त्रिवेणी गाउँपालिका , नवलपरासी बर्दघाट सुस्ता पूर्व

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | बोध राज बस्याल | २०७९-५-१५ | २०८१-६-१ |
| कार्यालय प्रमुख | सुमन पण्डित | २०८१-६-२ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राजु सुवेदी | २०७७-६-२१ | २०८१-१-१३ |
| लेखा प्रमुख | विष्णु प्रसाद पौडेल | २०८१-१-१४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,६१९,२८१ | १३,६६४,१७५ | ५,५८४,९६६ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २४,८६८,४२२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ५,१०६,४४५ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १९,७६१,९७७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३९५६२५२४.४४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३८७११८८१६.५ | चालु खर्च | ३९५०८०९३८.८१ |
| प्रदेश सरकारबाट अनुदान | २४४८८९५० | पूँजीगत खर्च | २३३६०४३७८ |
| राजश्व बाँडफाँट | १८९७५८७३८.१७ | वित्तीय/अन्य व्यवस्था | १३६२४०३० |
| आन्तरिक आय | ७३९७८२०७.६३ | | |
| अन्य आय | २५८७६४८३.१६ | | |
| कुल आय | ७०१२२११९५.४६ | कुल खर्च | ६४२३०९३४६.८१ |
| बाँकी मौज्दात | | ९८४७४३७३.०९ | |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।